माननीय मन्त्रीज्यू द्वारा मिति २०७७/०७/०२ मा स्वीकृत

# स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन २०७७/७८

प्रदेश सरकार

लुम्बिनी प्रदेश

## सामाजिक विकास मन्त्रालय

२०७७

सामाजिक विकास मन्त्रालयल र अन्तर्गतका स्वास्थ्य निकायबाट आर्थिक वर्ष २०७७/७८ मा सञ्चालन हुने एकिकृत स्वास्थ्य तथा सरसफाई तथा प्रादेशिक अस्पताल सुदृढिकरण कार्यक्रमसँग सम्बन्धित कार्यक्रमहरुको पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थित सञ्चालनको सहजीकरणका लागि यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरिएको छ।

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**सामाजिक विकास मन्त्रालय**
बुटवल,
फोनः ०७१-५५०६५०
Email: mosdfive@gmail.com
Website: www.mosd.p5.gov.np

# बिषय सूची

**कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शन....................................................................................1**

**सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमहरु.........................................................3**

1. स्वास्थ्य सम्बन्धि सचेतना मुलक कार्यक्रम प्रशारण र सञ्चालन.....................................................3
2. स्वास्थ्य क्षेत्रमा आवश्यक रणनीति मापदण्ड आदि निर्माण............................................................4
3. स्तरिय उपचार मापदण्ड तयार पार्ने कार्यक्रम.................................................................................5
4. स्वास्थ्य संरचनाको योजना तथा निर्माण मापदण्ड ..........................................................................5

५. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि स्वास्थ्य संस्थाको भवनको ड्र्इङ डिजाइन.....................6

6. वेलझुण्डी दाङको संस्कृत आयुर्वेद विद्यापिठमा एकिकृत अस्पताल निर्माणको लागि डि.पि.आर तथा मास्टर प्लान निर्माण.......................................................................................................7

**स्वास्थ्य निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमहरु......................................................................8**

1. विद्यालय नर्सिङ सेवा कार्यक्रम (सेवा करार).................................................................................8
2. दम जन्य तथा ब्रोकाटिस उपचार व्यवस्थापन अस्पतालहरु (स्वास्थ्य सेवा) ....................................9
3. निःशुल्क बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन (स्वास्थ्य सेवा).........................................................10
4. खानेपानी गुणस्तर जाँचको लागि केमिकल तथा मेसिनरी औजार व्यवस्थापन(स्वास्थ्य सेवा)...........11
5. स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको चौमासिक तथा वार्षिक समिक्षा (स्वास्थ्य सेवा).........................12
6. खोप पछि हुने AEFI को व्यवस्थापन..............................................................................................13
7. क्यान्सर अस्पतालहरुसंगको सहकार्यमा क्यान्सर रोगको निदान, रोकथाम तथा नियन्त्रण कार्यक्रम. 14
8. आकस्मिक तथा महामारी नियन्त्रणको लागि औषधि खरिद...........................................................15
9. प्रसूति सेवाको लागि नर्सको व्यवस्थापन........................................................................................16
10. सि.इ.ओ.एन.सि. सेवा चाप बढि भएका अस्पतालहरुमा रोबसन क्राईटेरिया लागु ...........................17
11. अतिविपन्न नागरिकलाई मृगौला डाइलाइसिस औषधिमा सहायता कार्यक्रम..................................18
12. अस्पतालहरुको एकिकृत स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन कार्यक्रम.........................................19
13. प्रदेशका अस्पतालहरुमा न्युनतम सेवा मापदण्ड कार्यक्रम ...........................................................20
14. एम्बुलेन्स ट्र्याकिङको लागि डिभाइस जडान तथा सञ्चालन निरन्तरता..........................................21
15. सरकारी अस्पतालरुमा सुत्केरीहरुका लागि रगत ट्रान्सफ्युजन गर्दा लाग्ने शुल्क अनुदान..............22
16. सरकारी अस्पतालमार्फत गरिव एवं विपन्न नागरिकलाई मुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सर रोगको निदान तथा स्क्रिनिङ कार्यक्रम............................................................................................23
17. प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको पुर्वाधार निर्माण सहयोग कार्यक्रम। .................24
18. दाङ्गको हापुरेमा स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन...............................................................25
19. बायोमेडिकल इक्विपमेन्ट टेक्निकल स्कुलको स्थापना र सञ्चालन ..............................................26

**प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरु ........ 28**
1. स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला विस्तारका लागि औजार उपकरण खरिद ........ 28
2. प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुका लागि स्वास्थ्य सम्बन्धी सामाग्री मेसिनरी उपकरण खरिद ........ 29
3. Capacity Building Training on Forecasting, Quantification and Procurement ........ 29
4. औषधि भ्याक्सिन जन्य सामाग्री र साधनहरु रिप्याकिङ तथा ढुवानी ........ 30
5. खोप तथा कोल्ड चेन सामाग्री ढुवानी तथा वितरण ........ 31
6. अत्यावश्यक निशुल्क वितरणका लागि औषधी खरिद तथा ढुवानी ........ 32
7. आयुर्वेद औषधिहरु खरिद तथा ढुवानी ........ 33
8. अस्पतालहरुको गूणस्तर सूदृढिकरणको लागि औजार उपकरण खरिद ........ 34
9. स्वास्थ्य संस्थाहरुको लागि ECG Machine खरिद ........ 35
10. स्वास्थ्य संस्थाहरुको लागि Patient Monitor खरिद ........ 36
11. विरामीका लागि वेड खरिद ........ 37
12. स्वास्थ्य संस्थाहरुको लागि Wheel Chair खरिद ........ 38
13. ICU Ventilator Machine खरिद ........ 39
14. अस्पतालहरुमा Lipid Profile लगायत Bio-Chemistry परिक्षण सेवा सञ्चालनका लागि उपकरण खरिद ........ 40
15. नवजात शिशुको उपचारको लागि अस्पतालमा NICU सेटअप ........ 41

**स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरु ........ 42**
१. रुरल मेडिकल रेस्पोन्डर(RMR) तालिम ........ 42
2. लामो अवधिको परिवार नियोजन साधन(ईम्पलान्ट) सम्बन्धी तालिम ........ 44
3. लामो अवधिको परिवार नियोजन साधन(आइ.यु.सि.डि.)सम्बन्धी तालिम ........ 46
4. अस्पताल नर्सिङ्ग स्टाफहरुलाई ओ.टि. म्यानेजमेन्ट तालिम ........ 48
5. चिकित्सकहरुको लागि भ्यासेक्टोमी तालिम ........ 50
6. चिकित्सकहरुलाई मिनिल्याप तालिम ........ 52
७. मध्यम स्तरीय स्वास्थ्य सेवा प्रदायकको लागि क्लिनिकल अभ्यास (MLP)तालिम ........ 54
८. स्वास्थ्यकर्मीहरुलाई फिजियोथेरापी सम्बन्धी तालिम ........ 55
9. मेडिकल अधिकृतहरुको लागि अवसरवादी संक्रमण (OI for MO) तालिम ........ 57
१०. ग्रामिण अल्ट्रासाउण्ड (RUSG) तालिम ........ 59
11. एस. बि. ए. रिफ्रेसर तालिम ........ 61
१२. स्वास्थ्यकर्मीहरुलाई ओरल हेल्थ तालिम (पुनर्ताजगी/अभिमुखिकरण) ........ 63
13. कोफ तथा काउन्सिलिङ तालिम ........ 65

१४.मानसिक स्वास्थ्य तालिम ........ 66
१५.एनेस्थेसिया सहायक तालिम ........ 68
16. एडभान्स एफ.सि.एच.भी. ........ 70
17. सुरक्षित गर्भपतन सेवा तालिम ........ 72
18. एस. बि. ए. तालिम ........ 74
19. सर्पदंश उपचार तालिम ........ 76
20. चिकित्सकहरुका लागि मेडिको लिगल तालिम ........ 78
21. तालिम साइट बिस्तार तथा सुदिढिकरण ........ 80
22. स्वास्थ्य तालिम केन्द्रको भवन डि.पि. आर निर्माण ........ 82

**प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट सञ्चालन हुने कार्यक्रमहरु ........ 84**
1. करार कर्मचारी भर्ना (ल्याब टेक्निसियन-२, ल्याब ब्वाइ-१) ........ 84
2. प्रयोगशालामा कार्यरत कर्मचारीहरुको लागि तालिम ........ 84
३. ढुवानी खर्च (किट रिएजेन्ट तथा कन्ज्युमेवल सामाग्री) ........ 85
4. परीक्षण सामाग्री (किट, रिएजेन्ट, भिटिएम, पिपिई तथा कन्ज्युमेवल सामाग्री) खरिद ........ 86
५. BSL-II ल्याव सञ्चालन उपकरण खरिद ........ 87
6. प्रयोगशालको भौतिक पुर्वाधार निर्माण सुधार ........ 87

**स्वास्थ्य कार्यालयहरु मार्फत सञ्चालन कार्यक्रमहरु ........ 89**
1. ८४ बर्ष पुगेका जेष्ठ नागरीकहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम ........ 89
2. विभिन्न किटजन्य रोगहरुबारे सचेतना पैरवी ........ 90
3. महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आधारभूत/पुनर्ताजगी क्षमता विकास तालिम ........ 91
4. बहुपक्षीय पोषण सुधार कार्यक्रम ........ 92
5. समुदाय स्तरमा MPDSR कार्यक्रम सञ्चालन ........ 93
6. स्वास्थ्य सम्बन्धी सचेतना मूलक कार्यक्रम, प्रकाशन, प्रसारण र सञ्चालन ........ 94
7. एकिकृत जनस्वास्थ्य अभियान ( कुष्ठरोग, क्षयरोग OBSTRECTRIC फिस्टुला तथा पाठेघर रोगीको स्क्रिनिङ रिङ्ग पेशरी तथा VIA जाँच तथा शल्यकृया ........ 95
8. रेफ्रिजेरेटर खोप कोल्डचेन मर्मत सम्भार ........ 97
९. जिपलक, फर्म, सुक्ष्म योजना फाराम छपाइ तथा बितरण ........ 97
१०.सिकल सेल थालासेमिया सम्बन्धि स्क्रीनिङ्ग तथा उपचार ........ 98

**अस्पतालहरु बाट सञ्चालन हुने कार्यक्रमहरु ........ 100**
1. अस्पतालको नियमित रिपोर्टिङ सुदृढीकरण तथा विस्तार र वार्षिक प्रगती पुस्तिका छपाई ........ 100
2. अस्पतालहरुबाट प्राथमिक आँखा उपचार सेवा कार्यक्रम ........ 101
3. अस्पतालहरुमा ENT सेवा विस्तार ........ 102

4. अस्पतालहरुमा थाइराइड ल्याबको शुरुवात। ........ 103
5. अस्पतालहरुमा प्राथमिक दन्त सेवा विस्तार ........ 104
6. अस्पतालहरुमा फार्मेसी सेवा विस्तार कार्यक्रम ........ 105
7. अस्पतालहरुमा फिजियोथेरापी सेवा सञ्चालन ........ 105
8. अस्पतालहरुमा मातृशिशु स्वास्थ्य सेवा सञ्चालन ........ 106
9. अस्पतालहरुमा सामाजिक सेवा एकाई स्थापना तथा निरन्तरता ........ 107
10. आपत्कालिन अवस्थाका विपन्न गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थासम्म एम्बुलेन्स सहयोग ........ 108
11. ओ.सि.एम.सि सेवा बिस्तार तथा निरन्तरता ........ 110
12. पोषण तथा पुनर्स्थापना केन्द्र सुदृढिकरण ........ 111
13. प्रदेश मातहतका सरकारी अस्पतालहरुलाई ५० शैयामा स्तरोन्नती ........ 112
14. लुम्बिनी प्रादेशिक अस्पतालको हालको ओ.टी भवन माथी क्याबिन निर्माण कार्य निरन्तरता ........ 113
15. सरकारी अस्पतालहरुमा सुत्केरीहरुका लागि रगत ट्रान्सफ्युजन गर्दा लाग्ने शुल्क अनुदान ........ 114
16. सिकलसेल, थालासेमिया नियन्त्रण निदान उपचारका लागि अस्पतालहरुलाई अनुदान ........ 115
17. लुम्बिनि प्रादेशिक अस्पतालमा युरोलोजि तथा क्यान्सर उपचार सेवा विस्तार। ........ 116
18. भेरी अस्पतालमा आइसियु विस्तार ........ 117
19. प्रयोगशाला तथा निदान सहयोग कार्यक्रम ........ 118

**आयुर्वेद तथा बैकल्पिक चिकित्सा संग सम्बन्धित कार्यक्रमहरु ........ 119**

1. आयुर्वेद चिकित्सालय तथा स्वास्थ्य केन्द्रहरुमा प्रयोगशालामा विस्तारको निरन्तरता ........ 119
2. आयुर्वेद चिकित्सक र स्वास्थ्यकर्मिहरुका लागि पञ्चकर्म सम्बन्धी तालिम ........ 120
3. स्वस्थ जीवन तथा योग सम्बन्धमा विद्यालय स्तरका शिक्षकहरुका लागि TOT तालिम ........ 121
4. आयुर्वेद सूचना प्रणाली व्यवस्थापन ........ 122
5. आयुर्वेद स्वास्थ्य केन्द्र चिकित्सालयहरुबाट स्वास्थ्य प्रवर्द्धन कार्यक्रम (योग, जीवनशैली ,स्वस्थवृत, रसायन) ........ 123
6. लुम्बिनी र प्रादेशिक चिकित्सालय बिजौरीमा औषधि उत्पादन केन्द्र स्थापना (जडिबुटी खरिद तथा निशुल्क औषधि निर्माण र वितरण) ........ 125
7. लुम्बिनी र प्रादेशिक चिकित्सालय बिजौरीमा औषधि उत्पादन केन्द्र स्थापनाका लागि मेशिनरी खरिद 126
8. आयुर्वेद चिकित्सालयहरुमा पञ्चकर्म सेवा विस्तार कार्यक्रम २ स्थानमा ........ 127
9. आयुर्वेद चिकित्सक र स्वास्थ्यकर्मिहरुका लागि क्षारसुत्र सम्बन्धी तालिम ........ 128

**भौतिक पुर्वाधार विकास कार्यालय मार्फत निर्माण हुने स्वास्थ्य संरचनाहरु ........ 131**

# कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शन

बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा संस्था प्रमुख, लेखा प्रमुख, कार्यक्रम संयोजक लगायत कार्यक्रममा संलग्न कर्मचारी तथा निकायहरुले ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरु देहाय बमोजिम रहेका छन्-ः

१. यो आधारभूत मार्गदर्शन सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०७७/७८ मा सञ्चालन गर्ने कार्यक्रमको कार्यान्वयन सहजीकरणका निमित्त तयार गरिएको छ ।

२. यो आधारभूत मार्गदर्शन र कार्यक्रम सञ्चालन सम्बन्धी प्रचलित कानून वाझिएमा प्रचलित कानून अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ ।

३. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व प्रचलित कानुन र यस मार्गदर्शनलाई राम्ररी अध्ययन गर्नुपर्नेछ।

४. यस मार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी संस्था प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रम संयोजकको हुनेछ । संस्था प्रमुखले प्रचलित कानूनको परिधिभित्र रही आफूलाई प्राप्त अधिकारहरु मातहतका निकाय तथा कर्मचारीहरुबाट गराउन सक्नेछ।

५. कार्यक्रम सञ्चालन गर्नु पूर्व प्रचलित कानूनको प्रावधान अनुकुल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रकृया, कार्यक्रममा लाग्ने अनुमानित खर्च बाँडफाँड, कार्यक्रमका सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति आदी उल्लेख गरीएको कार्यक्रमको रुपरेखा तथा अवधारणा (Detail Program Framework and Concept) संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गराउनु पर्नेछ ।

६. कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही प्रदेश नं ५ प्रदेश आर्थिक ऐन, २०७७, प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश नं ५ को सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, प्रदेश सार्वजनिक खरिद सम्बन्धी खरिद नियमावली, २०७६, अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५, नेपाल सरकारको भ्रमण खर्च नियमावली २०६४ र नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत मापदण्डको आधारमा बजेट बाँडफाँड गरी स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

७. कार्यक्रम सञ्चालनको अवधिमा कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका संशोधन भएमा संशोधन भएको प्रावधान अनुसार गर्नुपर्नेछ।

८. यस मार्गदर्शनमा उल्लेखित वार्षिक कार्यक्रमको सञ्चालन गर्दा प्रदेश सरकार, प्रदेश नं. ५ को सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, भ्रमण खर्च नियमावली, आर्थिक ऐन, आर्थिक कार्यविधि नियमावली,

कार्य सञ्चालन निर्देशिका, र खर्च सम्बन्धी अन्य निर्देशिका वा कार्यविधि स्वीकृत भएपश्चात सोहि वमोजिम खर्च बाँडफाँड गरी कार्य सञ्चालन गर्नुपर्नेछ ।

९. कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति चौमासिक र वार्षिक रुपमा आफ्नो तालुक निकाय र सामाजिक विकास मन्त्रालयमा चौमासिक/बार्षिक अवधि भुक्तान भएको महिनाको २ गते भित्र अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

१०. कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक अवधारणा (Result Framework), स्वीकृत कार्ययोजना, समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नुपर्नेछ ।कुनै संघ संस्थाबाट कार्यक्रम सञ्चालन गर्दा सो कार्यक्रमको गुणस्तर कायम गर्ने, कार्यक्रमको विधि र प्रक्रिया पूरा गर्ने र सार्वजनिक गर्ने जिम्मेवारी सम्बन्धित संघ संस्थाको हुनेछ ।

११. प्रदेश विनियोजन ऐन अनुसार हुने गरी आवश्यकता र औचित्यका आधारमा स्थानीय तह मार्फत सञ्चालन गर्न सकिने कार्यक्रमहरु स्थानीय तहलाई अख्तियारी प्रदान गरी कार्यक्रमको कार्यान्वयन गर्न सकिनेछ ।

१२. भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सन्चलान गर्दा राष्ट्रिय भवन संहिता २०६०, नेपाल सरकारबाट स्वीकृत शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ पालना गर्नु पर्नेछ।

१३. भौतिक संरचना निर्माण गर्दा भवन ऐन, २०५५ ले निर्धारण गरेको योग्यता पुगेको प्राविधिकबाट लागत अनुमान, डिजाईन, स्पेसिफिकेशन तयार गर्नु पर्नेछ ।

१४. स्वास्थ्य सामाग्री, औजार उपकरण खरिद गर्दा प्रचलित कानून बमोजिम योग्यता पुगेको दक्ष प्राविधिकबाट यसको स्पेसिफकेशन तयार गर्नु पर्नेछ ।

१५. परामर्शदाताबाट भएको अध्ययन/अनुसन्धान सम्बन्धी कार्यको परामर्शदातालाई अध्ययन/अनुसन्धान प्रतिवेदन प्रस्तुत गर्न लगाई तोकिएको कार्यशर्त अनुसार कार्य भए नभएको सुनिश्चत गर्नु पर्नेछ ।

# खण्ड - क

# सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमहरु

## 1. स्वास्थ्य सम्बन्धि सचेतना मुलक कार्यक्रम प्रशारण र सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२३१५ | रु. पाचँ लाख मात्र | चौमासिक | ३ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | समाजमा रहेका बिद्यमान अवधारणाहरुमा सुधार गरी नागरीकहरुलाई स्वास्थ्य रहन आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी ज्ञान, सीप र चेतनालाई अभिबृद्धि गर्न, उपयुक्त र स्वस्थ्यकर व्यवहार अपनाउन लक्षित वर्गहरुको ज्ञान, धारणा तथा व्यहारमा सकारात्मक परिवर्तन गरि स्वस्थ्य जीवन यापन गर्ने बानीको विकास गर्न यो कार्यक्रमको ब्यबस्था गरीएको छ । |
| उद्देश्यः | • समुदायमा सर्ने तथा नसर्ने रोगका कारणहरु, जोखिमका तत्वहरु र रोग लाग्नबाट बच्ने उपायहरुका वारेमा ज्ञान, सीप र धारणा तथा ब्यबहारमा सकारात्मक परिवर्तन ल्याउन।<br>• महिला तथा बाल स्वास्थ्य, प्रजनन स्वास्थ्य र जनस्वास्थ्य सम्बन्धि जनचेतना प्रकाशन तथा प्रशारण गर्न। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | सामाजिक विकास मन्त्रालय । |
| खर्च क्षेत्र | फलेक्स निर्माण, पम्प्लेट /पोष्टर /ब्रोसर छपाई, स्थानीय पत्रपत्रिका, एफ. एम र टेलिभिजनको माध्यमबाट सन्देश प्रकाशन र प्रशारण। |
| लक्षित समूह : | आम समुदाय |
| कार्यक्रम सञ्चालन विधिः | • प्रदेशमा देखिएका प्रमुख स्वास्थ्य समस्याको सुची तयार गरी सो सम्बन्धमा प्रकाशन तथा प्रशारण गर्न बिषयबस्तुको कार्य योजना तयार गर्ने।<br>• पत्रपत्रिकामा सन्देश प्रकाशन गर्दा स्पष्ट तथा सम्भव भएसम्म रङ्गिन छपाई गर्नुपर्नेछ।<br>• छापा तथा एफ एम रेडियोको माध्यमबाट दिईने सन्देश स्थानीय भाषामा सबैले बुझ्ने गरि प्रकाशन तथा प्रशारण गर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा |

| | |
|---|---|
| | वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | आम समुदायका नागरिकहरुको सर्ने तथा नसर्ने रोगकोहरुको कारण,जोखिमका तत्वहरु र रोग लाग्नबाट बच्ने उपायहरुका वारेमा ज्ञान शिप धारणामा तथा ब्यबहारमा सकारात्मक परिवर्तन हुनेछ । |

## 2. स्वास्थ्य क्षेत्रमा आवश्यक रणनीति मापदण्ड आदि निर्माण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २० लाख रुपैयाँ मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन, नियमावली, नीति, रणनैतिक योजना, मापदण्ड, कार्यविधि तथा निर्देशिका मस्यौदा तयारी गर्दा विभिन्न समयमा बस्ने बैठक अन्तरक्रिया तथा कार्यशाला गोष्ठि सञ्चालन गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्यः** | स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन, नियमावली, नीति, रणनैतिक योजना, मापदण्ड, कार्यविधि तथा निर्देशिका मस्यौदा तयारी गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पेश गर्न। |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | सामाजिक विकास मन्त्रालय। |
| **खर्च क्षेत्रहरु** | बैठक तथा परामर्श खर्च, छपाई, दै.भ्र.भ, यातायात लगायत अन्य व्यवस्थापकीय खर्च। |
| **कार्यक्रम सञ्चालन विधिः** | • स्वास्थ्यसँग सम्बन्धित मस्यौदा तयार गर्ने आवश्यक ऐन, नियमावली, नीति, रणनैतिक योजना, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरुको सूची तयार गर्ने ।<br>• मस्यौदा तयारिका लागि मस्यौदा समिति तथा अन्य प्राबिधिक कार्यदल गठन गर्ने।<br>• सरोकारवालाहरु सँग कार्यशाला गोष्ठी, छलफल, बैठक तथा अन्तरक्रिया कार्यक्रम गर्ने। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम,निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |

## 3. स्तरिय उपचार मापदण्ड तयार पार्ने कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ३ लाख मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक: | विवरण |
|---|---|
| परिचय: | आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको स्तरीय उपचार मापदण्ड अभाबले स्वास्थ्यकर्मिहरुलाई रोगको निदान औषधिको छनौट र मात्रा निर्धारण गर्न तथा अन्य स्वास्थ्य सल्लाह प्रदान गर्न, स्तरीय र मानक चिकित्सकीय सेवामा एकरुपता कायम गर्नका लागि मापदण्ड आवश्यकोले यो कार्यक्रमको व्यबस्था गरिएको छ। |
| उद्देश्य: | • आयुर्वेद उपचार पद्धतिलाई स्तरीय र मानक चिकित्सकीय सेवामा एकरुपता कायम गर्न । |
| खर्च क्षेत्र | विज्ञ परामर्श, कार्यशाला गोष्ठी, बैठक भत्ता, छपाई र व्यबस्थापकिय खर्च। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय: | सामाजिक विकास मन्त्रालय |
| कार्यक्रम सञ्चालन विधि: | • मस्यौदा तयारीका लागि मस्यौदा समिति तथा प्राबिधिक कार्यदल गठन गर्ने।<br>• सरोकारवालाहरुसँग कार्यशाला गोष्ठी,छलफल, बैठक तथा अन्तरक्रिया कार्यक्रम गर्ने।<br>• अन्तिम मस्यौदा तयार पारी स्वीकृतिका लागि पेश गर्ने। |
| बजेट बाँडफाड: | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र  खर्च गर्नुपर्नेछ । |

## 4. स्वास्थ्य संरचनाको योजना तथा निर्माण मापदण्ड

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५ लाख मात्र | पटक | १ | प्रथम, दोश्रो र तेस्रो |

| उपशीर्षक: | विवरण |
|---|---|
| परिचय: | प्रदेश मातहतका स्वास्थ्य सेवा प्रबाह तथा व्यबस्थापन गर्न कार्यालयहरुको समय सापेक्षिक मर्मत सम्भार, पुनर्निर्माण तथा नवनिर्माण गर्न आवश्यक रहेकोले  निर्माण मापदण्ड तय गरि योजनाबद्ध रुपमा भौतिक संरचना निर्माणको योजना बनाउनको लागि यो कार्यक्रमको व्यबस्था गरिएको छ। |

| | |
|---|---|
| **उद्देश्यः** | स्वास्थ्य सेवा प्रबाह तथा व्यबस्थापन गर्ने कार्यालयहरुको निर्माण मापदण्ड तयार गरि योजना तयार गर्ने। |
| **लक्षित समुहः** | प्रदेश मातहतका स्वास्थ्य सेवा प्रबाह तथा व्यबस्थापन गर्ने कार्यालयहरु। |
| **खर्च क्षेत्र** | कार्यालयहरुको संरचनाको अबस्था विश्लेषण, कार्यशाला गाष्ठि, विज्ञहरुको परामर्श, छपाई। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | सामाजिक विकास मन्त्रालय। |
| **कार्यक्रम सञ्चालन विधिः** | • मस्यौदा तयारिका लागि मस्यौदा समिति तथा प्राबिधिक कार्यदल गठन गर्ने।<br>• सरोकारवालाहरु सँग छलफलबैठक तथा अन्तरक्रिया कार्यक्रम गर्ने। ,<br>• विज्ञहरु सँगको परामर्शमा तत्काल तथा दिर्घकालमा गर्न सकिने पुजिगत निर्माणको लागत समावेश हुनेगरी कार्ययोजना तयार गर्ने। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |

## 5. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि स्वास्थ्य संस्थाको भवनको ड्रइङ डिजाइन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११३५ | रु. दश लाख मात्र | पटक | १ | प्रथम, दोश्रो र तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी सरकारी स्वास्थ्य सस्थाहरुले प्रबाह गर्ने सेवाको प्रकृति अनुरुप भौतिक संरचनाको एकरुपता र गुणस्तरीयता कायम गर्नको लागि प्रादेशिक ड्रइङ डिजाइन तयार गर्न यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| **उद्देश्यः** | भौतिक संरचनाको एकरुपता र गुणस्तरीयता कायम गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | सामाजिक विकास मन्त्रालय। |
| **कार्यक्रम सञ्चालन विधिः** | प्रदेश मातहतका आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी सरकारी स्वास्थ्य सँस्थाहरुको संरचनाको ड्रइङ तथा डिजाइन गर्न प्राविधिक परामर्श सेवा खरिद। |
| **खर्च क्षेत्र** | परामर्श सेवा खर्च। |

| | |
|---|---|
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |

## 6. वेलझुण्डी दाङको संस्कृत आयुर्वेद विद्यापिठमा एकिकृत अस्पताल निर्माणको लागि डि.पि.आर तथा मास्टर प्लान निर्माण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११३५ | रु. १० लाख | पटक | १ | प्रथम दोश्रो र तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | आधुनिक चिकित्सा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धति मार्फत प्रदान गरिने स्वास्थ्य सेवाहरु सेवाग्राहीको चाहाना र आवस्यकता अनुसार उपयुक्त छनौट पद्धति अनुसारको सेवा एकै स्थानबाट एकिकृत रुपमा प्रदान गर्ने व्यवस्था मिलाउन यो शिर्षकमा बजेट व्यबस्था गरिएको छ। |
| उद्देश्यः | एकिकृत अस्पताल निर्माणको लागि डि.पि.आर तथा मास्टर प्लान निर्माण गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | सामाजिक विकास मन्त्रालय |
| कार्यक्रम सञ्चालन विधिः | निर्माण हुने संरचनाको प्राविधिक परामर्श सेवा खरिद। |
| खर्च क्षेत्र | सर्वेक्षण डिजाइन ड्रइङ, निर्माण सम्बन्धि परामर्श सेवा खर्च। |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |

# खण्ड - ख

# स्वास्थ्य निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमहरु

## 1. विद्यालय नर्सिङ सेवा कार्यक्रम (सेवा करार)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१३ | रु.२४,९६,०००।- | विद्यालय | ८ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | विद्यालय तहवाटै बालबालिकाहरुलाई सन्तुलित र पोषिलो खानेकुरा खाने तथा स्वस्थ्य जिवनशैली अपनाउन प्रेरित गर्दै समग्र स्वास्थ्य, सरसफाई र पोषण प्रवद्धन, किशोर किशोरीको प्रजनन, स्वास्थ्य तथा महिनावारी व्यवस्थापनको आवश्यकताको महशुस गर्दै विद्यालय तहमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याई विद्यार्थीहरुको स्वास्थ्य सुधार ल्याउन यो कार्यक्रमको निरन्तरता गरिएको छ । |
| उद्देश्यः | • विद्यालय उमेरका बालबालिकाहरुलाई स्वास्थ्य जिवनशैली अपनाउन प्रेरित गर्ने ।<br>• विद्यालयमा अध्यनरत किशोरीहरुको महिनावारी स्वास्थ्यलाई व्यवस्थित गर्ने । |
| खर्च क्षेत्र | तलब तथा पोशाक भत्ता, फर्निचर, औषधी उपकरण । |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | स्वास्थ्य निर्देशनालय |
| कार्यक्रम सञ्चालन विधिः | • गत वर्ष देखि कार्यरत विद्यालय नर्सलाई सम्बन्धित विद्यालयको सिफारिसमा निरन्तरता दिने ।<br>• सेवा करारमा कार्यरत विद्यालय नर्सहरुलाई सहायक पाँचौ तहको शुरु तलव स्केल अनुसारको तलव नियमानुसार उपलब्ध गराउने ।<br>• प्रदेशले तयार पारेको कार्यविवरण अनुसार बिद्यालय नर्सले कार्य गर्नु पर्ने छ ।<br>• सम्बन्धित विद्यालयले विद्यालय नर्सको हाजिरी प्रमाणित गरि स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउनु पर्नेछ र सोको आधारमा सम्बन्धित कर्मचारीको पारिश्रमिक बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ । |
| अपेक्षित उपलब्धी | • विद्यालय उमेरका बालबालिकाहरुको पोषण सुधार तथा स्वस्थ्य जिवनशैली अपनाउन सहयोग हुनेछ ।<br>• विद्यालयमा अध्यनरत किशोरीहरुको महिनावारीका कारणले गर्दा विद्यालयमा हुने अनुपस्थित दर कमि हुनेछ । |

| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
|---|---|
| प्रगति अनुगमन र समीक्षा | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन र समीक्षा हुनेछ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |

## 2. दम जन्य तथा ब्रोकाटिस उपचार व्यवस्थापन अस्पतालहरु (स्वास्थ्य सेवा)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १ करोड ५० लाख मात्र | अस्पताल | १३ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | प्रदेशमा विद्यमान विभिन्न नसर्ने रोगहरुको वढ्दो प्रकोपवाट प्रदेश वासीलाई पर्ने व्यक्तीगत व्ययभार कम गर्नका लागि उपचारमा आर्थिक सहुलियत प्रदान गर्न दीर्घ श्वासप्रश्वास रोगहरु (Chronic Respiratory Diseases) (जस्तै COPD, Asthma, Occupational Lungs Diseases, Pulmonary Hypertension) को विरामीहरुलाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार रु. ५०,०००।- अक्षेरुपी रु. पचास हजार सम्मको निःशुल्क उपचार व्यवस्थापनको लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्यः | दमजन्य तथा ब्रोंकाईटिस उपचारमा विरामीको व्यक्तीगत व्ययभारलाई कम गर्न आर्थिक सहुलियत प्रदान गर्ने । |
| कार्यक्रम व्यबस्थापन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | प्रदेश भित्रका सरकारी अस्पतालहरु |
| खर्च क्षेत्रहरु | विरामीको उपचारमा लाग्ने खर्चको सोधभर्ना, कार्यक्रमको अभिमुखिकरण, अनुगमन, समिक्षा तथा छपाइ |
| कार्यक्रम सञ्चालन विधिः | • कार्यक्रम सञ्चालन कार्यविधि र विस्तृत रुपरेखा निर्माण गर्ने ।<br>• विपन्न नागरिकको लागि दम तथा ब्रोंन्काइटिस रोग उपचार आर्थिक सहुलियत निर्देशिका, २०७६ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | दम जन्य तथा ब्रोङ्काइटिसका विरामीहरुको उपचारमा हुने व्यक्तिगत व्ययभार कम भई सेवामा नागरीकको पँहुचमा वृद्धि हुनेछ । |

| | |
|---|---|
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | दम जन्य तथा ब्रोङ्काइटिसका विरामीहरुको उपचारमा हुने व्यक्तिगत व्ययभार कम भई सेवामा नागरीकको पँहुचमा वृद्धि हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन तथा समिक्षा हुनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि अस्पतालले कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा निर्देशनालयमा पठाउनु पर्नेछ । |

## 3. निःशुल्क बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन (स्वास्थ्य सेवा)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.४८ लाख मात्र | पटक | १२ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | धेरैजसो ग्रामीण समुदायका मानिसहरु स्वास्थ्य संस्थाहरुबाट विशेषज्ञ स्वास्थ्य सेवा लिन बञ्चित छन् । त्यस्ता क्षेत्र, र समुदायमा स्वास्थ्य सेवाको पहुँच पुर्‍याउन टड्कारो आवश्यकता रहेको हुँदा आर्थिक तथा सामाजिक रुपमा पछि परेका समुदायको बसोवास भएको स्थानहरुमा निःशुल्क बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवाको पँहुचमा वृद्धि गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्यः** | • दुर्गम तथा पिछडिएको क्षेत्र, स्वास्थ्य सेवाको पहुँच नपुगेका आर्थिक तथा सामाजिक रुपमा पछि परेका बर्ग तथा समुदायमा स्वास्थ्य सेवाको पँहुच बृद्धि गर्ने ।<br>• स्वास्थ्य सेवाको पँहुच वाहिर रहेका समुदायका नागरीकहरुको विभिन्न रोगहरुको पहिचान, निदान, उपचार तथा प्रेषण गर्ने । |
| **खर्च क्षेत्र** | औषधि, अन्य उपचार सामाग्री खरिद, दै.भ्र.भ, प्रचारप्रसार, ढुवानीका लागि गाडी भाडा। |
| **लक्षित समुहः** | प्रदेशका नागरीकहरु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय। |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रमको अवधारणा पत्र तयार गर्ने<br>• स्वास्थ्य कार्यालयहरुको समन्वयमा माग र औचित्यको आधारमा शिविर सञ्चालन गर्ने ।<br>• हरेक जिल्लामा कम्तिमा एक दिनको शिविर सञ्चालन गर्ने । |

| | |
|---|---|
| | • शिविर सञ्चालनको लागि चाहिने विशेषज्ञ चिकित्सक सहितको मानवश्रोत तथा अन्य भौतिक स्रोतको व्यवस्था गर्ने ।<br>• स्थानीय तहहरुसँग समेत सहकार्य गरी शिविर सञ्चालन गरीने विशेषज्ञ स्वास्थ्य सेवाहरुका वारेमा जानकारी स्थानीय संचार माध्यम तथा साधन श्रोतको उपयोग गरी प्रचारप्रसार गर्ने ।<br>• विशेषज्ञ स्वास्थ्य शिविर आवश्यक्ताका आधारमा विभिन्न संघ संस्थाहरुसँग समन्वय तथा साझेदारीमा सञ्चालन गर्न सकिनेछ । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धीः** | • पिछडिएका वर्ग र क्षेत्रका नागरीकहरुको विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुनेछ ।<br>• नागरीकका विशेष स्वास्थ्य आवश्यकताहरुको सम्बोधन हुनेछ । |
| **अनुगमन तथा समिक्षा** | सामाजिक विकास मन्त्रालयबाट अनुगमन तथा समिक्षा हुने छ । |

## 4. खानेपानी गुणस्तर जाँचको लागि केमिकल तथा मेसिनरी औजार व्यवस्थापन (स्वास्थ्य सेवा)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.५ लाख मात्र | पटक | २ | प्रथम र दोश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रदेश अन्तर्गतका स्वास्थ्य कार्यालयहरुमा रहेको खानेपानी परीक्षण उपकरणलाई सञ्चालनमा ल्याउन आवश्यक पर्ने केमिकल तथा मेसिनरी औजार व्यवस्थापन गर्न यस कार्यक्रमको व्यवस्था गरीएको छ । |
| **उद्देश्यः** | पिउने पानीको शुद्धता परीक्षण गर्नु र पानीजन्य रोगहरुको जोखिमबाट प्रदेश भित्रका आम नागरीकहरुलाई बचाउनु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । |
| **लक्षित समुहः** | प्रदेशका आम नागरीकहरु |
| **खर्च क्षेत्र** | खानेपानी परीक्षणका लागि चाहिने केमिकल, औजार तथा उपकरण। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | प्रत्येक जिल्लाका स्वास्थ्य कार्यालयहरुबाट खाने पानीको गुणस्तर जाँच गर्न चाहिने आवश्यक केमिकल तथा उपकरण स्वास्थ्य निर्देशनालयबाट प्रचलित नियम अनुसार खरिद गरी उपलब्ध गराईनेछ । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **कार्यक्रमको प्रतिफल** | सवै स्वास्थ्य कार्यालयहरुमा खानेपानी परीक्षणका लागि प्रयोशालाको निरन्तरता हुने छ । |
| **अनुगमन तथा समिक्षा** | सामाजिक विकास मन्त्रालयबाट अनुगमन तथा समिक्षा हुने छ । |

## 5. स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको चौमासिक तथा वार्षिक समिक्षा (स्वास्थ्य सेवा)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.३०,००,०००।- | पटक | ३ | प्रथम, दोश्रो र तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | सामाजिक विकास मन्त्रालयले स्वास्थ्य सेवाको समग्र बस्तुस्थितीका बारेमा छलफल गर्ने र मुख्य सवाल पहिचान गरि आगामी वर्ष कार्ययोजनामा समावेश गर्ने उद्देश्यले समिक्षा सम्बन्धी कार्यक्रमको व्यवस्था गरिएको प्रदेश स्तरमा तीन (स्थानीय, जिल्ला तथा प्रदेश स्तरीय) चरणमा समिक्षा र छलफल हुनेगरी यस आ. व. मा बजेट व्यवस्था गरिएको छ ।<br>(क) गत आर्थिक बर्षको बार्षिक समिक्षा तोकिएको समयमा सम्पन्न गरि सक्नु पर्नेछ ।<br>(ख) चौमासिक समिक्षा तथा कोभिड-१९ लगायत अन्य स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता अनुसार समिक्षा गरिने छ । |
| **उद्देश्यः** | • स्वास्थ्य कार्यालय, प्रदेश अन्तर्गतका अस्पतालहरु र आर्युर्वेद चिकित्सालय/ केन्द्रहरुमा संचालित स्वास्थ्य कार्यक्रमहरुको बार्षिक तथा चौमासिक लक्षित प्रगतिहरुको बस्तुस्थिती थाहा पाउन।<br>• आगामि आर्थिक बर्षको योजना तर्जुमाका लागि प्राथमिकता क्षेत्र पहिचान गर्ने। |
| **लक्षित समुह** | प्रदेश अन्तर्गतका अस्पताल, स्वास्थ्य कार्यालय, आयुर्वेद चिकित्सालय तथा केन्द्र, स्थानीय तहका स्वास्थ्य संस्थाहरुका प्रमुख तथा फोकल पर्सनहरु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय । |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | • समिक्षाका लागि बजेट बाँडफाड तथा स्वीकृती।<br>• स्थानीय स्तरमा स्वास्थ्य कार्यालयले निर्देशनालयद्धारा पठाईएको समिक्षाको ढाँचा अनुसार निर्धारण गरेको अवधिमा स्थानीय तह सँग समन्वय गरि समिक्षा सम्पन्न गर्न सहयोग गर्ने<br>• जिल्ला स्तरमा स्वास्थ्य कार्यलयमा स्थानीय तहको समिक्षा पश्चात स्वास्थ्य शाखा प्रमुखहरु र आयुर्वेद चिकित्सालय/स्वास्थ्य केन्द्र तथा अस्पतालको सहभागितामा समिक्षा सम्पन्न गर्नु पर्नेछ।<br>• प्रदेश स्तरमा स्वास्थ्य निर्देशनालयले अस्पताल, स्वास्थ्य कार्यालय, आयुर्वेद चिकित्सालय तथा केन्द्र र सहयोगी सस्थाहरुको सहभागिता प्रदेश स्तरीय समिक्षा गरिने छ।<br>• समिक्षा पश्चात स्वास्थ्य कार्यालय र स्वास्थ्य निर्देशनालयको बार्षिक प्रतिवेदन तयारी तथा छपाई गर्नु पर्नेछ। |
| **खर्च क्षेत्र** | कार्यक्रम सञ्चालन खर्च, दै.भ.भ, तथा बार्षिक प्रतिवेदन तयारी तथा छपाई। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | स्वास्थ्य कार्यक्रमहरु लक्षीत प्रगतीको बस्तुस्थिती पत्ता लाग्नुको साथै कमिकमजोरी पहिचान हुने र सुधार गर्नु पर्ने क्षेत्र पहिचान गरि लक्ष प्राप्ति सम्म पुग्ने मार्ग पहिचान हुनेछ । आगामी आर्थिक बर्षको योजना तर्जुमाका लागि प्राथमिकता पहिचान हुने छ । |
| **अनुगमन तथा समिक्षा** | सामाजिक विकास मन्त्रालयबाट अनुगमन तथा समिक्षा हुनेछ । |

## 6. खोप पछि हुने AEFI को व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५,००,०००।- | पटक | १ | प्रथम दोश्रो र तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | • खोप पश्चात हुन सक्ने अवाञ्छित घटनाहरुको समयमा नै उचित तरिकाले व्यवस्थापन नगरेमा खोप लिएका बच्चाहरुको स्वास्थ्यमा र खोप कार्यक्रममा समेत नकरात्मक असर पर्न सक्दछ त्यस कारण यस्ता असरहरुलाई कम गर्न खोप पश्चात हुन सक्ने अवाञ्छित घटनाहरु पत्तालगाउन, प्रतिवेदन, अनुसन्धान , अनुगमन र खोप कार्यक्रम सञ्चालन गर्दा हुने त्रुटिहरुलाई यथासिघ्र सुधार गर्न बजेटको व्यवस्था गरिएको छ । |
| **उद्देश्यः** | खोप पश्चात हुने अवाञ्छित घटनाहरुको तत्काल व्यवस्थापन गर्न । |
| **लक्षित समुह** | प्रदेश भित्रका खोप लिने सम्पूर्ण बालबालिकाहरु। |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय। |
| **कार्यक्रम सञ्चालन विधिः** | • खोप सेवा पश्चात हुन सक्ने अवाञ्छित घटनाहरुको तत्कालै अनुसन्धान गरि बालबालिकाहरुको सुरक्षा एवं कार्यक्रम व्यवस्थित गर्न प्रादेशिक स्तरमा एक AEFI अनुसन्धान टिम  तयार गरि परिचालन गर्ने ।<br>• कुनै पनि स्थानमा AEFI भएमा तत्काल सो टिम परिचालन गरि घटनाको अनुसन्धान र व्यवस्थापन गर्ने ।<br>• प्रदेश मातहतमा कहि कतै खोपबाट बचाउन सकिने रोगहरुको प्रकोप भएमा तत्कालै यसै कार्यक्रमबाट नियन्त्रण, रोकथाम तथा व्यवस्थापन गरि आवश्यक समन्वय र प्रतिवेदन गर्ने । |
| **खर्च क्षेत्र** | यातायात खर्च, आवश्यक चिकित्सक/स्वास्थ्यकर्मी परिचालनको लागि दै.भ.भ. तथा अति आबश्यक औषधीजन्य सामाग्रीहरु |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | प्रदेश अन्तर्गत हुने AEFI र प्रकोपको तत्काल अनुसन्धान र व्यवस्थापन भई कार्यक्रम सञ्चालनमा सहजता हुने छ । |
| **अनुगमन र समिक्षा** | सामाजिक विकास मन्त्रालयबाट अनुगमन र समिक्षा हुनेछ । |

## 7. क्यान्सर अस्पतालहरुसंगको सहकार्यमा क्यान्सर रोगको निदान, रोकथाम तथा नियन्त्रण कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.५०,००,०००।- | पटक | ५ | प्रथम, दोश्रो र तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | क्यान्सरका नयाँ बिरामीहरुको संख्या पछिल्ला बर्षहरुमा बढ्दै गएको छ । क्यान्सर निकै घातकपूर्ण रोग भएता पनि समयमै  रोगको पहिचान भए उपचार संभव छ । समय-समयमै स्वास्थ्य परिक्षण गराईरहनु पर्छ भन्ने नागरिक चेतना र अस्पताल सम्मको पहुँचको अभावमा धेरै मानिस क्यान्सरका कारण मृत्युको मुखमा पुग्ने गरेका छन ।यस बाट आम मानिसलाई सचेत गराउन र शिविरको माध्यम बाट समुहमा स्क्रीनिङ गरी क्यान्सर रोगको निदान, रोकथाम तथा नियन्त्रणका लागि बजेटको विनियोजन गरिएको छ । |

| | |
|---|---|
| **उद्देश्यः** | क्यान्सर अस्पताल सँगको सहकार्यमा क्यान्सर रोगको निदान, नियन्त्रण तथा रोकथाम गर्ने । साथै निदान भईसकेका विरामिहरुको उपचारका लागि प्रेषण गर्ने । |
| **लक्षित समुह** | प्रदेशमा रहेका आम नागरिक |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • स्वास्थ्य कार्यालयको समन्वयमा समुहमा स्क्रीनिङ सञ्चालन गर्ने स्थानको छनौट गर्ने ।<br>• क्यान्सर अस्पतालहरुको समन्वयमा रोगको निदान, रोकथाम तथा नियन्त्रणको लागि समुहमा स्क्रीनिङ सञ्चालन गर्ने ।<br>• समुहमा स्क्रीनिङ सञ्चालनको लागि चाहिने विशेषज्ञ चिकित्सक सहितको मानवश्रोत तथा अन्य भौतिक स्रोतको व्यबस्था गर्ने ।<br>• स्थानीय तहहरुसँग समेत सहकार्य गरी समुहमा स्क्रीनिङ सञ्चालन गरीने विशेषज्ञ स्वास्थ्य सेवाहरुका वारेमा जानकारी स्थानीय संचार माध्यम तथा साधन श्रोतको उपयोग गरी प्रचारप्रसार गर्ने ।<br>• विशेषज्ञ स्वास्थ्य समुहमा स्क्रीनिङ आवश्यक्ताका आधारमा विभिन्न संघ संस्थाहरुसँग समन्वय तथा साझेदारीमा सञ्चालन गर्न सकिनेछ । |
| **खर्च क्षेत्र** | मुख, स्तन र पाठेघर क्यान्सर लगायत अन्य क्यान्सरहरुको समुहमा स्क्रीनिङको लागि आवश्यक पर्ने उपकरण, औषधी, चिकित्सक, स्वास्थ्यकर्मी परिचालनको दै.भ.भ. र अन्य व्यवस्थापकीय खर्च । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम,निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड,कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | समयमै क्यान्सर रोगको निदान, नियन्त्रण तथा रोकथाम हुनेछ। |
| **अनुगमन र समिक्षा** | सामाजिक विकास मन्त्रालयबाट अनुगमन र समिक्षा हुनेछ । |

## 8. आकस्मिक तथा महामारी नियन्त्रणको लागि औषधि खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १०,००,०००।- | पटक | १ | प्रथम |

| उपशीर्षकः | **विवरण** |
|---|---|

| | |
|---|---|
| **परिचयः** | कुनै पनि समय र स्थानमा सरुवा रोगको महामारी/प्रकोप हुन सक्ने भएकोले आवश्यक औषधी तथा औषधिजन्य सामाग्रीहरु खरिद गरि तयार अबस्थामा राख्नु पर्ने हुन्छ ।सोही कार्यका लागि बजेटको व्यवस्था गरिएको छ । |
| **उद्देश्यः** | उत्पन्न महामारी/प्रकोप/विपदको कारण हुन सक्ने धन-जनको क्षतिहुनबाट जोगाउने । |
| **लक्षित समुह** | उत्पन्न महामारी/प्रकोप/विपद बाट प्रभावित नागरिकहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • प्रदेशमा संभावित देखा पर्नसक्ने महामारीजन्य रोगहरुको सुची तयार गर्ने।<br>• महामारीको निदान तथा उपचारको लागि आवश्यक पर्ने औषधि तथा अन्य सामाग्रीहरुको सुचि तयार गर्ने।<br>• खरिद योजना अनुसार खरिद गरि बफर स्टकमा राख्ने । |
| **खर्च क्षेत्र** | महामारीका लागि औषधी तथा आवश्यक सामाग्री खरिद तथा ढुवानी। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम,निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड,कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | महामारी, प्रकोपको कारणले हुन सक्ने मानबीय क्षतिबाट बचाउने । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट अनुगमन र समिक्षा हुनेछ । |

## 9. प्रसूति सेवाको लागि नर्सको व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१३ | रु.४०,००,०००।- | अस्पताल | ६ | प्रथम, दोश्रो र तेश्रो |
| **उपशीर्षकः** | **विवरण** | | | |
| **परिचयः** | प्रसुती सेवाको चाप बढि भएका अस्पतालहरुमा नर्सिङ्ग जनशक्तिको अभावले प्रसुती सेवा प्रदान गर्न असर पर्ने भएकोले गुणस्तरीय प्रसुति सेवा प्रदान गर्नको लागि अस्पतालहरुमा नर्स करारमा नियुक्ती गरी प्रसुती सेवा सञ्चालन गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ | | | |
| **उद्देश्य** | गुणस्तरीय प्रसुती सेवा प्रदान गर्नको लागि स्टाफ नर्स लाई करारमा नियुक्ति गरी २४ सै घण्टा प्रसुती सेवा सुचारु रुपले सञ्चालन गर्ने । | | | |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय | | | |
| **खर्च क्षेत्र** | स्वास्थ्य निर्देशनालय बाट करारमा स्टाफ नर्सको नियुक्ति गरि आबश्यकताका आधारमा अस्पतालहरु छनौट गरि पठाउने। | | | |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | • प्रसुति सेवा सञ्चालनको लागि अस्पतालबाट आवश्यक नर्स संख्या माग संकलन गर्ने।<br>• स्वास्थ्य निर्देशनालयले नियमानुसार करार नर्सको नियुक्ति गरी माग अनुसारको अस्पतालमा पठाउने।<br>• सेवा करारमा नियुक्ति पाएका नर्सहरुलाई सहायक पाँचौ तहको शुरु तलव स्केल अनुसारको तलव नियमानुसार उपलब्ध गराउने ।<br>• सम्बन्धीत नर्सको हाजिरी प्रमाणित गरि स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउनु पर्ने छ र सोको आधारमा बैकं खाता मार्फत पारिश्रमिक उपलब्ध गराउनु पर्ने छ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | अस्पतालमा गुणस्तरीय प्रसुति सेवा २४ सै घण्टा सञ्चालन हुनेछ । |
| **अनुगमन** | निर्देशनालय र सामाजिक विकास मन्त्रालय। |

## 10.सि.इ.ओ.एन.सि. सेवा चाप बढि भएका अस्पतालहरुमा रोबसन क्राईटेरिया लागु

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ६ लाख | अस्पताल | ६ | प्रथम, दोश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | विश्व स्वास्थ्य संगठन अनुसार बच्चा जन्माउँदा अनुमानित जिवित जन्मको ५% प्रसुति जटिलता भएकाहरुलाई बच्चा जन्माउनका लागि सिजरियन अपरेसन गर्नु पर्ने हुन्छ । सिजरियन अपरेसन को दर १० देखि १५ प्रतिशत मात्र हुनु पर्नेमा नेपालमा ३५ प्रतिशत सम्म सिजरियन अपरेसन द्धारा बच्चा जन्माउने गरेको पाइएको छ । यसले अनावश्यक सिजरियन अपरेसन दर र त्यसको असर बढाउनुका साथै प्राकृतिक जन्मलाई निरुत्साहित गर्दछ । त्यसकारण सिजरियन अपरेसन लाई आवश्यकता अनुसार मात्र प्रयोग गर्ने गरी विश्व स्वास्थ्य संगठन ले रोबसन क्राईटेरिया लाई अन्तराष्ट्रिय मापदण्ड को रुपमा प्रयोग गरी सिजरियन अपरेसन दरको लेखाजोखा तथा निगरानी गर्ने र मापदण्ड अनुसार सिजरियन अपरेसन भएको सुनिश्चित गर्ने प्रणाली लागु गर्न सिफारिस गरीएको छ । |
| **उद्देश्यः** | प्रदेश अर्न्तगतका सि.इ.ओ.एन.सि. सेवा प्रदान गर्ने निजी तथा सरकारी अस्पतालहरुमा रोबसन क्राईटेरिया लागु गरी सिजरियन अपरेसनको दर लेखाजोखा गरी आमा र बच्चामा त्यसको प्रतिकूल असर कम गर्नु । |
| **लक्षित समूहः** | सि.इ.ओ.एन.सि. सेवा प्रदान गर्ने निजी तथा सरकारी अस्पतालहरुमा प्रसूति सेवा लिन आउने महिलाहरु । |

| | |
|---|---|
| **खर्च क्षेत्र** | प्रशिक्षक तथा सहभागीहरुलाई दै.भ्र.भ तथा यातायात खर्च, खाजा, स्टेशनरी, अनुगमन तथा समिक्षा। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • सि.सि.एन.ओ.इ. कार्यक्रम लागु भएका सरकारी तथा निजी अस्पतालहरुलाई रोबसन क्राईटेरिया बारेमा जानकारी प्रदान गर्नका लागि एक दिनको अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• अभिमूखिकरण कार्यक्रम सञ्चालन पश्चात सि.सि.एन.ओ.इ. कार्यक्रम लागु भएका सरकारी तथा निजी अस्पतालहरुमा रोबसन क्राईटेरिया निर्देशिका अनुसार कार्यक्रम लागु गर्ने । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | • मापदण्ड अनुसार सिजरियन अपरेसनको दर यकिन हुनेछ ।<br>• आमा सुरक्षा कार्यक्रममा आवद्ध स्वास्थ्य कर्मीहरुमा रोबसन क्राईटेरियाको अभिमुखिकरण हुनेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट अनुगमन र समिक्षा हुने छ । |

## 11.अतिविपन्न नागरिकलाई मृगौला डाइलाइसिस औषधिमा सहायता कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.१,००,००,०००।- | पटक | ३ | प्रथम दोश्रो र तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | नेपालमा दिन प्रतिदिन मृगौला सम्बन्धी समस्याहरु बढिरहेको छ ।मृगौला फेल भएको अबस्थामा मृगौला प्रत्यारोपण सर्वसाधारणको पहुँच भन्दा टाढा रहेकोले त्यस्ता विपन्न समुदायका विरामीहरुलाई सरकारी र सामुदायिक अस्पतालहरुमा मृगौला डाइलाइसिस गर्दा आवश्यक पर्ने इरेथ्रोपोएटिन इन्जेक्सन खरिदमा ५० प्रतिशत सहायता दिने व्यवस्थाका लागि यो कार्यक्रम राखिएको छ। |
| **उद्देश्यः** | विपन्न नागरिकहरुलाई मृगौला डाईलाईसिस गर्दा आवश्यक पर्ने इरेथ्रोपोएटिन इन्जेक्सन खरिदमा ५० प्रतिशत आर्थिक सहयोग पुर्याउने । |
| **लक्षित समुह** | प्रदेशमा रहेका मृगौला डाईलाईसिस गर्नु पर्ने विपन्न नागरिकहरु |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • अतिविपन्न नागरिकलाई मृगौला डाइलाइसिस औषधिमा सहायता कार्यक्रम प्रदान गर्नको लागि स्थानिय तहबाट प्रदान गरिएको विपन्नताको सिफारिसको आधारमा सेवा दिने सरकारी र सामुदायिक अस्पतालहरुमा मृगौला डाइलाइसिस गर्दा आवश्यक पर्ने इरेथ्रोपोएटिन इन्जेक्सनको खरिदमा ५०% रकम स्वास्थ्य निर्देशनालय मार्फत अस्पतालहरुलाई उपलब्ध गराईने छ।<br>• सेवा प्रदान गर्ने अस्पताललाई इरेथ्रोपोएटिन इन्जेक्सनको भुक्तानी रकममा एकरुपताको लागि स्वास्थ्य निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ। |
| **खर्च क्षेत्र** | • इरेथ्रोपोएटिन इन्जेक्सन खरिदमा ५० प्रतिशत रकम सम्बन्धित अस्पताललाई उपलब्ध गराउने।<br>• कार्यक्रम संग सम्बन्धित रजिष्टर, फर्म छपाई। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्ने छ। |
| **अपेक्षित उपलब्धी** | विपन्न नागरिकहरुलाई मृगौला डाईलाईसिसमा पहुँच पुग्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन तथा सामाजिक विकास मन्त्रालयमा समिक्षा हुने छ । |

## 12.अस्पतालहरुको एकिकृत स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.३०,००,०००।- | पटक | १ | प्रथम दोश्रो र तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | सूचना प्रविधिको विकास सँगै स्वास्थ्य क्षेत्रले पनि समय परिस्थिती अनुसार आफ्ना कार्यक्रम अगाडि बढाउनु पर्छ ।सोही अनुरुप प्रदेश अन्तर्गतका अस्पतालहरुलाई अनलाईन EHR सम्बन्धी अभिलेख र प्रतिवेदनका लागि क्रमश लागु गर्दै जानका लागि यो कार्यक्रम लागु गरिएको छ। |
| **उद्देश्यः** | अस्पतालको इलेक्ट्रोनिक हेल्थ रेकर्ड सूचना प्रणालीलाई सुद्धढ गरि सेवा ग्राहिलाई समयमै स्वास्थ्य सम्बन्धि सुचना उपलब्ध गराई गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरिनेछ। |
| **लक्षित समुह** | प्रादेश अन्तर्गतका अस्पतालहरु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय । |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | • सम्बन्धित प्रादेशिक अस्पताल बाट इलेक्ट्रोनिक हेल्थ रेकर्ड सेवा सञ्चालनको लागि सम्भाव्यताको प्रतिवेदन माग गरी एउटा अस्पताल छनौट गर्ने। अनलाईन अभिलेख प्रतिवेदनका लागि आवश्यक पर्ने कम्प्युटर सम्बन्धी समाग्री तथा आवश्यक फर्निचर<br>• मान्यता प्राप्त फर्म वा कम्पनीबाट सफ्टवेयर खरिद तथा जडान।<br>• सूचना प्रणाली सँग सम्बन्धी अभिमुखिकरण |
| **खर्च क्षेत्र** | इलेक्ट्रोनिक हेल्थ रेकर्ड सँग सम्बन्धित सामाग्री, सफ्टवेर खरिद, जडान, सहजिकरण तथा अनुगमन। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | अभिलेख प्रतिवेदन चुस्त दुरुस्त भई सेवा प्रवाहमा गुणस्तरीयता अभिबृद्धि हुने छ । |
| **अनुगमन र मुल्याङ्कन** | निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन तथा सामाजिक विकास मन्त्रालयमा समिक्षा हुने छ । |

## 13.प्रदेशका अस्पतालहरुमा न्युनतम सेवा मापदण्ड कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. दश लाख मात्र | अस्पताल | १३ | प्रथम, दोश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रदेश अन्तर्गतको अस्पताहरुका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अन्य सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा अस्पतालहरुको अवस्थाको बारेमा स्व-मुल्यांकन, अनुगमन तथा समिक्षा गरी अस्पतालको तहअनुसारको न्युनतम सेवा मापदण्ड मुल्याङ्कन गर्ने र सुधार गर्नु पर्ने कार्ययोजना समेत तयार गरी अस्पतालहरुको सेवाको गुणस्तर वृद्धि गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| **उद्देश्यः** | प्रादेशिक अस्पतालहरुले प्रदान गर्ने सेवाको गुणस्तरमा सुधार गर्न अप्नाउनु पर्ने न्युनतम सेवा मापदण्ड (Minimum Service Standard) सुनिश्चित गर्ने । |
| **कार्यक्रमको औचित्यः** | हरेक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा गुणस्तरीय भई नागरीकको सहज पँहुच सुनिश्चित गर्न आवश्यक भएको यो कार्यक्रमको व्यबस्था गरीएको हो । |
| **लक्षित समुहः** | प्रदेश अन्तर्गतका १३ वटै अस्पतालहरु |
| **खर्च क्षेत्र** | अस्पतालको एम.एस.एस को रिभ्यु, फलोअप, प्रतिबेदन तयारी तथा प्रकाशन। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | प्रदेश अन्तर्गतको अस्पतालहरुको लागि तयार भएको न्युनतम सेवा मापदण्ड निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | प्रदेश अन्तर्गतको अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड लागु भएको हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन तथा सामाजिक विकास मन्त्रालयमा समिक्षा हुने छ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |

## 14.एम्बुलेन्स ट्र्याकिङको लागि डिभाइस जडान तथा सञ्चालन निरन्तरता

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१२ | रु. ३० लाख मात्र | चौमासिक | ३ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | एम्बुलेन्स सेवालाई प्रभावकारी र जवाफदेही बनाउन तथा आकस्मिक विरामीहरुलाई छिटो छरितो स्वास्थ्य संस्थामा पुऱ्याउनका लागि नजिकको एम्वुलेन्सको अवस्था थाहा पाउनका लागि प्रदेश भित्रका एम्वुलेन्सहरुमा जि.पि.एस जडान गरी एम्वुलेन्स सेवालाई प्रविधिमैत्री नियमन गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्यः** | प्रभावकारी रुपमा एम्वुलेन्स सेवा सञ्चालनका लागि प्रविधिमैत्री नियमन प्रणाली अवलम्वन गर्न। |
| **लक्षित समुहः** | प्रदेश भित्र सञ्चालन भएका सरकारी एम्बुलेन्सहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | जि पि एस जडान प्रविधि खरिद तथा जडान, आवस्यक जनशक्ति, औजार उपकरण, फर्निचर तथा अनलाईन सूचना प्रणालीका लागि अन्य सामाग्रीहरुको व्यबस्था । |
| **कार्यक्रम सञ्चालन विधिः** | • विगत बर्षमा जडान गरिएका मेसीनहरुको निरन्तर अनुगमनको ब्यबस्था मिलाउने<br>• यस वर्ष थप १०० वटा एम्वुलेन्समा मेसिन जडान गरि विगतको प्रणालीमा आवद्ध गराउने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन २०७५ समेत) अनुसार जि पि एस जडान गर्ने । |

| | |
|---|---|
| | • स्वास्थ्य निर्देशनालयमा जि.पि.एस. ट्र्याकिङ्ग अनुगमन प्रणालीको व्यबस्था गर्ने । |
| **बजेट बाँडफाड:** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | प्रदेशका सरकारी, सामुदायिक तथा निजि एम्वुलेन्समा जि पि एस प्रणाली जडान भई ट्र्याकिन्डको कार्य हुनेछ। |
| **अपेक्षित उपलव्धी:** | प्रदेशका आकस्मिक विरामीहरुले सर्वसुलभ र छिटो छरितो एम्वुलेन्स सेवा प्राप्त गर्न सक्नेछन् । |
| **अनुगमन र मुल्याङ्कन** | निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन तथा सामाजिक विकास मन्त्रालयमा समिक्षा हुने छ । |
| **प्रतिवेदन:** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |

## 15.सरकारी अस्पतालरुमा सुत्केरीहरुका लागि रगत ट्रान्सफ्युजन गर्दा लाग्ने शुल्क अनुदान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.६०,००,०००।- | पटक | ३ | प्रथम दोश्रो र तेश्रो |

| उपशीर्षक: | विवरण |
|---|---|
| **परिचय:** | हाल नेपालमा गर्भावस्था देखि सुत्केरी अबस्थामा हुने रक्तश्राव मातृ मृत्यु हुनुको प्रमुख कारण हो। गर्भावस्था देखि सुत्केरी अबस्था सम्म रगतको कमीको कारणले आमाको ज्यान जोखिममा पर्न गई मृत्यु समेत हुने हुनाले रक्तश्रावको कारणले आमालाई मृत्युबाट बचाउनका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य:** | रगतको कमिबाट हुने मातृ मृत्युदरमा कमि ल्याउने । |
| **लक्षित समुह** | रगतको आवश्यकता भएका गर्भवति तथा सुत्केरी आमाहरु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधि:** | • रगत कमि भएका गर्भवति तथा सुत्केरी महिलाहरुका लागि सरकारी अस्पतालहरुबाट निःशुल्क रक्त सञ्चार सेवा प्रदान गर्नको लागि प्रति युनिट एकमुष्ठ रु. ७२५/- का दरले अस्पताललाई सोध भर्ना दिईने छ ।सो को लागि अस्पतालले नजिकको रक्तसञ्चार केन्द्रसँग समन्वय गरी निःशुल्क रक्तसञ्चार सेवाको व्यवस्था गर्नु पर्नेछ।<br>• सेवा सञ्चालन गर्ने अस्पतालहरुले आफुले प्रदान गरेको सेवाको नियमित रुपमा सेवाग्राही अनुसारको खर्चको प्रतिवेदन मासिक रुपमा स्वास्थ्य निर्देशनालयमा अनिवार्य रुपमा प्रतिवेदन गर्नु पर्ने छ । |

| | |
|---|---|
| खर्च क्षेत्र | ब्लड ब्याग, रिएजेन्ट, संक्रमण रोकथाम तथा अन्य ब्यवस्थापन गर्न। |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | रगतको अभावमा हुने मातृ मृत्युदरमा कमि आउने छ । |
| अनुगमन र मुल्याङ्कन | निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन तथा सामाजिक विकास मन्त्रालयमा समिक्षा हुने छ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि सेवाग्राही अनुसार खर्चको प्रतिबेदन अनिवार्य रुपमा अस्पतालहरुले स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## 16.सरकारी अस्पतालमार्फत गरिव एवं विपन्न नागरिकलाई मुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सर रोगको निदान तथा स्क्रिनिङ कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २५३१२ | रु. ६५ लाख मात्र | अस्पताल | १३ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | प्रदेशमा विद्यमान विभिन्न नसर्ने रोगहरु तथा विपन्न नागरिकहरुमा मुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सर रोगको निदान तथा स्क्रिनिङ गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्यः | प्रदेशमा विद्यमान रहेका मुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सर रोगको निदान तथा स्किनिङ्ग गरी व्यक्तीगत तथा सामाजिक जिवनयापनमा सहजता ल्याउने । |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रदेश अनतर्गतका १३ वटै अस्पतालहरु |
| कार्यक्रम सञ्चालन विधिः | • प्रदेश अन्तर्गतका गरिव एवं विपन्न नागरिकलाई मुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सर रोगको निदान तथा स्क्रिनिङको लागि सरकारी अस्पताल ाई अनुदान उपलब्ध गराउने।<br>• अस्पतालले मुटु रोग, मृगौला, हेमोफिलिया तथा क्यानसर रोगका बिरामीहरुको निशुल्क स्क्रिनिङ्ग, निदान तथा उपचारको ब्यबस्था गर्ने।<br>• सेवा सञ्चालन गर्ने अस्पतालहरुले आफुले प्रदान गरेको सेवाको नियमित रुपमा सेवाग्राही अनुसारको खर्चको प्रतिवेदन मासिक रुपमा स्वास्थ्य निर्देशनालयमा अनिवार्य रुपमा प्रतिवेदन गर्नु पर्ने छ । |
| खर्च क्षेत्र | स्क्रिनिङ, निदान, उपचार र औषधि ब्यवस्था । |

| | |
|---|---|
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | नसर्ने रोगहरु तथा मुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सर रोगहरुको समय मै पहिचान भई व्यबस्थापन हुनेछ। |
| **अनुगमन र मुल्याङ्कन** | निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन तथा सामाजिक विकास मन्त्रालयमा समिक्षा हुने छ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि सेवाग्राही अनुसार खर्चको प्रतिबेदन अनिवार्य रुपमा अस्पतालहरुले स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## 17.प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको पुर्वाधार निर्माण सहयोग कार्यक्रम।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २६४२३ | रु.५ करोड मात्र | पटक | | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | स्वास्थ्य चौकी तथा प्राथामिक स्वास्थ्य केन्द्रहरुलाई आधारभुत सेवा दिन सक्ने गरी स्वास्थ्य संस्था निर्माण गर्नको लागि स्थानीय तहसँगको लागत सहभागितामा स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुको भौतिक संरचना तथा औजार उपकरणहरुको उचित मर्मत संभार एवं स्याहार तथा संरक्षण गरी स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि यो पुर्वाधार निर्माण सहयोग कार्यक्रम राखिएको छ । |
| **उद्देश्यः** | स्वास्थ्य संस्थाहरुका लागि आवश्यक पर्ने विभिन्न भौतिक पूर्वाधारहरु जस्तै : शौचालय, प्रसुति गृह, भान्सा घर, विरामी प्रतिक्षा कक्ष, संस्थाको कम्पाउन्ड वाल आदी निर्माण तथा मर्मत गरि स्वास्थ्य सेवा प्रावाहलाई गुणस्तरीय बनाउने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको पुर्वाधार निर्माणको लागि स्थानीय तह मार्फत स्वास्थ्य संस्थाका लागि प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आव्हान गर्ने<br>• सामाजिक विकास मन्त्रालय प्रदेश नं.५ बाट स्वीकृत "**प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको पूर्वाधार निर्माण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७७**" अनुसार सञ्चालन गर्नु पर्नेछ । |
| **खर्च क्षेत्र** | सूचना प्रकाशन, भौतिक संरचना निर्माण, मर्मत संभार तथा अनुगमन। |

| | |
|---|---|
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | भौतिक संरचनाको निर्माण तथा मर्मत संभार भई स्वास्थ्य सेवा प्रवाह गुणस्तरीय हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन तथा सामाजिक विकास मन्त्रालयमा समिक्षा हुने छ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन रुपमा स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## 18.दाङ्गको हापुरेमा स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. एक करोड | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | दाङ तथा सल्यान जिल्लाको सिमानामा पर्ने बबई गाउपालिका अन्तर्गत रहेको हापुरे बिकट तथा बढी जनघनत्व भएको र स्वास्थ्य सेवा बाट बन्चित रहेका जनसमुदायलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नको लागि प्रदेश तथा स्थानीय तहको लागत साझेदारी हुने गरि दाङको बबई गाउपालिकाको हापुरेमा स्वास्थ्य संस्थाको संरचना निर्माण र सेवा विस्तारका लागि यो कार्यक्रम व्यवस्था गरिएको छ । |
| **उद्देश्यः** | स्थानीय तहमा स्वास्थ्य सस्थाको स्थापना तथा सञ्चालन गरि जनसमुदाय लाई आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • दाङ को बबई गाउपालिकाको हापुरेमा स्वास्थ्य सस्थाको स्थापना तथा सञ्चालनको लागि स्थानिय तह संग खर्च क्षेत्र तथा लागत सहभागीता प्रष्ट खुल्ने गरी प्रस्ताब माग गर्ने।<br>• स्वास्थ्य निर्देशनालयले प्रस्ताबको मुल्याङ्कन गरी पुर्वाधार निर्माण, उपकरण तथा जनशक्तिको लागि अनुदानको व्यवस्था गर्ने ।<br>• सम्बन्धित स्थानिय तहले कार्यक्रम तथा बजेट खर्चको प्रतिवेदन नियमित रुपमा स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्ने छ । |

| | |
|---|---|
| **खर्च क्षेत्र** | भौतिक संरचना निर्माण, उपकरण खरिद, जनशक्ति ब्यबस्थापन तथा अनुगमन। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | दाङ जिल्लाको हापुरेमा स्वास्थ्य संस्था स्थापना भई स्वास्थ्य सेवा सुचारु हुनेछ। |
| **अनुगमन र मुल्याङ्कन** | निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन तथा सामाजिक विकास मन्त्रालयमा समिक्षा हुने छ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि  बजेट खर्च र प्रगति प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## 19.बायोमेडिकल इक्विपमेन्ट टेक्निकल स्कुलको स्थापना र सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १५००००००/- | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | यस प्रदेश मातहतका बिभिन्न स्वास्थ्य सँस्थाहरुमा स्वास्थ्य सेवा प्रवाहका निमित्त बिभिन्न किसिमका चिकित्सकिय मेसिनरी औजार उपकरणहरुको नियमित मर्मत सम्भार, क्यालिब्रेशन तथा भ्यालिडेशन गर्नका लागि प्रदेश स्तरिय बायोमेडिकल ईक्युपमेन्ट वर्कशप स्थापना गर्नुको साथै बायोमेडिकल ईक्वुपमेण्ट टेक्निलोजी सँग सम्बन्धित जनशक्तिको अध्ययनको लागि छात्रवृत्ती उपलब्ध गराई र तत्कालको लागि आवश्यक जनशक्तिको व्यवस्था गरी वर्क सप सञ्चालन गरी चुस्त दुरुस्त र गुणस्तरिय सेवा प्रवाहमा निरन्तरताका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्यः** | प्रदेश मातहतका बिभिन्न स्वास्थ्य सँस्थाहरुका चिकित्सकिय मेसिनरी औजार उपकरणहरुको नियमित मर्मत सम्भार, क्यालिब्रेशन तथा भ्यालिडेशन गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • वर्कशप सञ्चालन गर्नका लागि आवश्यक उपकरण, जनशक्ति अवधारणा पत्र तयार गर्ने। |

| | |
|---|---|
| | • वर्कशप सञ्चालनको लागि आवश्यक लागत अनुमान सहितको कार्ययोजना तयार गर्ने<br>• प्रदेश मातहतका बिभिन्न स्वास्थ्य सँस्थाहरुमा रहेका मर्मत सम्भार गर्नुपर्ने बिभिन्न किसिमका चिकित्सकिय मेसिनरी औजार उपकरणहरुको आवश्यकता अनुसार मर्मत सम्भार, क्यालिब्रेशन तथा भ्यालिडेशन गर्ने<br>• ४ जना बायोमेडिकल ईक्युपमेण्ट टेक्निसियन अध्ययनको लागि सम्बन्धित संस्थासँग समन्वय गरी यस प्रदेश भित्रका योग्यता पुगेका उम्मेदवार छनौट गरी अध्ययन छात्रवृत्ति उपलब्ध गराउने र अध्ययन पश्चात् २ वर्षसम्म सामाजिक विकास मन्त्रालयले खटाएको अस्पतालमा सेवा गर्नुपर्ने करारनामा कबूल गर्नुपर्नेछ। |
| **खर्च क्षेत्र** | उपकरण, जनशक्ति, फर्निचर |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | यस प्रदेशमा बायोमेडिकल ईक्युपमेण्ट टेक्निसयन उत्पादन तथा वर्क शप सञ्चालन भई प्रदेश मातहतका बिभिन्न स्वास्थ्य सँस्थाहरुमा चिकित्सकिय मेसिनरी औजार उपकरणहरुको नियमित मर्मत सम्भार, क्यालिब्रेशन तथा भ्यालिडेशन भइ चुस्त दुरुस्त र गुणस्तरिय सेवा प्रवाह भएको हुनेछ। |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालयले प्रगति प्रतिबेदन र बजेट खर्च नियमित रुपमा सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्ने छ र सोको नियमित अनुगमन र मुल्याङ्कन सामाजिक विकास मन्त्रालयमा गर्ने समिक्षा हुनेछ। |

# खण्ड - ग

# प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरु

## 1. स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला विस्तारका लागि औजार उपकरण खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु.५० लाख मात्र | बटा | | प्रथम |

| | |
|---|---|
| परिचय | प्रदेश भित्र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला विस्तार गर्ने । |
| उद्देश्य | • उपचार गर्न आएका विरामीहरुको रोगको पहिचानमा सहयोग गर्ने।<br>• प्रयोगशाला सञ्चालन नभएका विकट, दुर्गम तथा सेवाको पहुँच नभएका स्थानमा सेवा सञ्चालन तथा विस्तार गर्ने । |
| लक्षित समूह | दुर्गम तथा सेवाको पहुँच नभएका स्वास्थ्य संस्थाहरु। |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • ल्याब सम्बन्धी आवश्यक सामाग्रीहरुको सुची तयार गर्ने ।<br>• सम्बन्धित विषय विज्ञबाट स्पेशिफिकेशन तयार गरी सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• सम्बन्धित विषय विज्ञको उपस्थितिमा Postshipment inspection को आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट निर्णय भएका स्वास्थ्य संस्थाहरुलाई ल्याब सम्बन्धी सामान वितरण गर्ने । |
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## 2. प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुका लागि स्वास्थ्य सम्बन्धी सामाग्री मेसिनरी उपकरण खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु ३ करोड मात्र | बटा | | प्रथम |

| | |
|---|---|
| परिचय | प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुका लागि स्वास्थ्य सम्बन्धी सामाग्री मेसिनरी उपकरण खरिद। |
| उद्देश्य | प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको गुणस्तर सुदृढिकरण गर्ने |
| लक्षित समूह | प्रदेशका प्रा स्वा के तथा स्वास्थ्य चौकीहरु |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| सञ्चालन विधि | • स्वास्थ्य कार्यालयहरुसँग समन्वय गरी प्रा स्वा के तथा स्वास्थ्य चौकीहरुलाई आवश्यक पर्ने सामाग्रीहरुको सूची तयार गर्ने ।<br>• सम्बन्धित विषय विज्ञबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• सम्बन्धित विषय विज्ञको उपस्थितिमा Postshipment Inspection को आधारमा दाखिला गर्ने । |
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ । |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## 3. Capacity Building Training on Forecasting, Quantification and Procurement

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५११ | रु १० लाख मात्र | बटा | १ | प्रथम दोश्रो |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवा प्रवाहसँग सम्बन्धित औषधि, भ्याक्सिन र औषधिजन्य सामाग्रीहरुको Forecasting, Quantification and Procurement सम्बन्धि क्षमता अभिवृद्धिका लागि प्रदेश, जिल्ला तथा स्थानीय तहमा कार्यरत खरिद कार्यमा संलग्न कर्मचारीहरुलाई अभिमूखिकरण सञ्चालन गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | प्रदेश, जिल्ला तथा स्थानीय तहमा कार्यरत खरिद कार्यमा संलग्न कर्मचारीहरुको Forecasting, Quantification and Procurement सम्बन्धि क्षमता अभिवृद्धि गर्न। |
| लक्षित समूह | प्रदेश, जिल्ला तथा स्थानीय तहमा कार्यरत खरिद कार्यमा संलग्न कर्मचारीहरु |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • प्रदेश, जिल्ला तथा स्थानीय तहमा कार्यरत खरिद कार्यमा संलग्न कर्मचारीहरुबाट अभिमूखिकरणमा सहभागीता हुने गरी कार्यक्रम तयार गर्ने ।<br>• प्रदेश सरकार तथा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट जारी गरिएको कार्यक्रम सञ्चालन बजेट खर्च निर्देशिका अनुसार अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने। |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात सामाजिक विकास मन्त्रालयमा प्रतिबेदन पेश गर्नुपर्नेछ । |

## 4. औषधि भ्याक्सिन जन्य सामाग्री र साधनहरु रिप्याकिङ तथा ढुवानी

| खर्च शीर्षक न | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु २० लाख मात्र | बटा | १ | प्रथम, दोस्रो |

| | |
|---|---|
| परिचय | स्वास्थ्यका कार्यक्रमलाई सफलता पूर्वक सञ्चालन गर्नको लागि औषधि भ्याक्सिन, भ्याक्सिनजन्य सामग्रीहरु औजार उपकरण अभिलेख तथा प्रतिवेदन फारामहरु, साधन तथा समय समयमा प्राप्त हूने सामग्रीहरुको रिप्याकिङ, तथा ढुवानी र पुनः बितरण गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएकोछ । |
| उद्देश्य | • स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि औषधि भ्याक्सिन, भ्याक्सिनजन्य सामग्रीहरु तथा औजार उपकरणहरुको नियमित आपुर्ति गर्न।<br>• स्वास्थ्य संस्थाहरुमा औषधि, भ्याक्सिन तथा औषधिजन्य सामाग्रहीहरुको स्वीकृत मौज्दात परिमाण (ASL) कायम राख्न। |
| लक्षीत समुह | अस्पताल, स्वास्थ्य कार्यालयहरु र आयुर्वेद स्वास्थ्य संस्थाहरु |

| | |
|---|---|
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन बिधि | • संघीय सरकारबाट प्राप्त तथा प्रदेश सरकारबाट खरिद भएका औषधि, भ्याक्सिन तथा औषधीजन्य सामाग्रीहरुको आवश्यकता अनुसार रिप्याकिङ गर्ने ।<br>• खर्च विवरण र मागको आधारमा औषधि, भ्याक्सिन तथा औषधीजन्य सामाग्रीहरुको ढुवानीको व्यवस्था मिलाउने ।<br>• स्वास्थ्य संस्थाहरुबाट प्राप्त LMIS त्रैमासिक प्रतिबेदनको आधारमा मौज्दातलाई आधार मानी नियमित आपुर्ति गर्ने व्यवस्था मिलाउने । |
| बजेट बाँडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ । |
| अभिलेख तथा प्रतिवदेन | कार्यक्रम सम्पन्न भए पश्चात कार्याक्रमको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## 5. खोप तथा कोल्ड चेन सामाग्री ढुवानी तथा वितरण

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु १८ लाख मात्र | बटा | १२ | प्रथम, दोस्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | खोप कार्यक्रमलाई सफलता पूर्वक सञ्चालन गर्नको लागि भ्याक्सिन तथा भ्याक्सिनजन्य सामग्रीहरुको ढुवानी तथा बितरण गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएकोछ । |
| उद्देश्य | • स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय खोप सेवा प्रदान गर्नको लागि खोपको निरन्तर आपुर्ति गर्न ।<br>• भ्याक्सिन तथा भ्याक्सिन जन्य सामाग्रीहरुको आवश्यकता अनुसार नियमित वितरण गर्ने व्यवस्था मिलाउने । |
| लक्षीत समुह | स्वास्थ्य कार्यालयहरु |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, बुटवल । |

| | |
|---|---|
| सचालन बिधि | • संघीय सरकारबाट प्राप्त भएका भ्याक्सिन तथा संघीय र प्रदेश सरकारबाट खरिद भएका भ्याक्सिन जन्य सामाग्रीहरुको आवश्यकता अनुसार नियमित वितरणको व्यबस्था मिलाउने।<br>• स्वास्थ्य संस्थाहरुबाट प्राप्त LMIS त्रैमासिक प्रतिबेदनको आधारमा मौज्दातलाई आधार मानी नियमित ढुवानीको व्यबस्था मिलाउने । |
| बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ । |
| अभिलेख तथा प्रतिवदेन | कार्यक्रम सम्पन्न भए पश्चात कार्याक्रमको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## 6. अत्यावश्यक निशुल्क वितरणका लागि औषधी खरिद तथा ढुवानी

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु ४ करोड मात्र | बटा | १ | प्रथम दोस्रो |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तगर्त रहेका स्वास्थ्य संस्थाहरुबाट दिइने निःशुल्क अत्यावश्यक औषधीहरु वितरण सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन औषधी खरिद गरी सर्वसुलभ तरिकाले उपभोक्तामा सेवाको प्रयोगदर बढाइ प्रदेशका अधिकाशं जनतालाई लाभान्वित गराउन यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| उद्देश्य | • स्वास्थ्य संस्थाहरुबाट दिइने निःशुल्क औषधी वितरण सेवालाई गुणस्तरीय तथा सर्वसुलभ रुपमा उपलब्ध गराउने ।<br>• गरिब तथा विपन्न वर्गका जनताहरुमा अत्यावश्यक औषधीको पहुँच बढाई लाभान्वित गराउने ।<br>• सेवाको गुणस्तरलाई बढाउने । |
| लक्षित समूह | स्वास्थ्य संस्थाहरु । |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |

| | |
|---|---|
| सञ्चालन विधि | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य संस्थाहरुको विगतको औषधिको खर्च तथा रोग लाग्ने दरको अध्ययन गरि आबश्यकता निर्धारण गर्ने ।<br>• प्रदेश भित्र रहेका स्वास्थ्य संस्थाहरुमा सेवा प्रदान गर्न निःशुल्क औषधीहरुको खरिदको लागि सूचि तयार गरी परिमाण तयार गर्ने ।<br>• आवश्यक पर्ने औषधीहरु खरिदका लागि सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• औषधीहरु खरिद गरी स्वास्थ्य संस्थाहरुको आवश्यकताका आधारमा नियमित ढुवानीको व्यबस्था मिलाउने । |
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ । |
| अभिलेख तथा प्रतिवदेन | कार्यक्रम सम्पन्न भए पश्चात कार्याक्रमको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## 7. आयुर्वेद औषधिहरु खरिद तथा ढुवानी

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु ५० लाख मात्र | बटा | १ | प्रथम |

| | |
|---|---|
| परिचय | सरकारले विभिन्न तहका आयुर्वेद संस्थाहरुका लागि अत्यावश्यक औषधि सूचि तयार गरिएको छ। उक्त सूचिको आधारमा विभिन्न भौगोलिक क्षेत्र, विरामीको चाप, संघबाट आपूर्ति गर्दा अपुग हुने औषधीहरुलाई प्रदेश तथा स्थानीय आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट सेवाग्राहीका लागि छिटा छरितो व्यवस्थापन गर्न आवश्यक देखिएकोले औषधि खरिद तथा ढुवानी कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधि समयमा नियमित उपलब्धता गराउने । |
| लक्षित समूह | आयुर्वेद स्वास्थ्य संस्थाहरु । |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • स्थानीय रुपमा देखिने रोगहरुको प्राथमिकतानुसार निरन्तर व्यवस्था हुने गरि आवश्यक आयुर्वेद औषधि खरिद गरी ढुवानी गर्ने। |

| | |
|---|---|
| | • आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने रोगको प्रथमिकता निर्धारण गर्ने । प्राथमिकता निर्धारण गर्दा अघिल्लो वर्षको विरामीको संख्या, रोगको प्रकोप, बजेट आदिलाई ध्यानमा राखि स्थानीय रुपमा प्राप्त बजेटलाई परिचालन गर्न सकिने छ।<br>• अत्यावश्यक आयुर्वेद औषधि खरिद गर्दा तोकिए अनुसार निःशुल्क वितरण गरिने खरिद गरिनेछ।<br>• औषधिको गुणस्तर परीक्षण गर्ने र वितरण लिस्ट बनाई स्वास्थ्य संस्थामा वितरण गरिनेछ। |
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ। |
| अभिलेख तथा प्रतिवदेन | कार्यक्रम सम्पन्न भए पश्चात कार्याक्रमको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## 8. अस्पतालहरुको गूणस्तर सूदृढिकरणको लागि औजार उपकरण खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु २ करोड ६० लाख मात्र | बटा | १ | प्रथम |
| परिचय | अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनका लागि आबश्यक पर्ने औजार उपकरणहरु खरिद गरि अस्पतालहरुको सेवालाई सुदृढ र स्तरीय बनाउनको लागि यो कार्यक्रमको ब्यबस्था गरिएको छ । | | | |
| उद्देश्य | अस्पतालबाट प्रदान गरिने सेवाको गुणस्तर अभिबृद्धि गर्न । | | | |
| लक्षित समूह | प्रदेश भित्रका अस्पतालहरु | | | |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्र, बुटवल । | | | |
| सञ्चालन बिधि | • प्रदेश भित्रका अस्पतालहरुसँग अस्पताल सूदृढिकरणका लागि आवश्यक पर्ने औजार उपकरण माग गरी सूची तयार गर्ने ।<br>• सम्बन्धित विषय विज्ञबाट स्पेशिफिकेशन तयार गरी सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने । | | | |

| | |
|---|---|
| | • सम्बन्धित विषय विज्ञबाट उपस्थितिमा Postshipment Inspection को आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट निर्णय भएका अस्पतालहरुमा औजार उपकरण उपलब्ध गराउने । |
| बजेटको वाडफाड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ। |
| अभिलेख प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्याक्रमको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नूपर्नेछ। |

## 9. स्वास्थ्य संस्थाहरुको लागि ECG Machine खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु ५० लाख मात्र | बटा | १ | प्रथम |

| | |
|---|---|
| परिचय | हाल नेपालमा जीवन शैलिमा आएको परिवर्तनको कारणले मुटु रोगीहरुको संख्या बढ्दै गएको छ । यस्ता मुटु रोगीहरुको पहिचान समयमै हुन नसकेमा मृत्यु समेत हुन सक्छ तसर्थ मुटु रोगको समययै पहिचानको लागि यो शिर्षकमा बजेटको व्यवस्था गरिएको छ । |
| उद्देश्य | मुटुरोगीहरु समयमै पहिचाँन गर्न। |
| लक्षित समूह | प्रदेश भित्रका अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरु |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| सञ्चालन विधि | • खरिदको लागि परिमाण एकिन गर्ने ।<br>• सम्बन्धित विषय विज्ञबाट स्पेशिफिकेशन तयार गरी सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• सम्बन्धित विषय विज्ञबाट उपस्थितिमा Postshipment Inspection को आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट निर्णय भएका स्वास्थ्य संस्थाहरुमा ECG Machine उपलब्ध गराउने । |

| | |
|---|---|
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ । |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्याक्रमको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नूपर्नेछ। |

## 10.स्वास्थ्य संस्थाहरुको लागि Patient Monitor खरिद

| **खर्च शीर्षक नः** | **बजेटः** | **एकाई** | **लक्ष्य** | **कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि** |
|---|---|---|---|---|
| ३११२२ | रु ५० लाख मात्र | बटा | १ | प्रथम |

| | |
|---|---|
| परिचय | विभिन्न रोगहरुको कारणले सिकिस्त भई उपचारका लागि अस्पतालमा भर्ना भएका विरामीहरुको भाईटल साईन मोनिटर गर्नकालागि आवश्यक पर्ने उपकरणका लागि यो शिर्षकमा बजेटको ब्यवस्था गरिएको छ । |
| उद्देश्य | विरामीको अवस्था मोनिटर गर्ने । |
| लक्षित समूह | प्रदेश भित्रका अस्पतालहरु |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • आवस्यक परिमाण एकिन गर्ने ।<br>• दक्ष प्राविधिकबाट स्पेशिफिकेशन तयार गरी त्यसको लगत इस्टिमेट तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थिति र प्रमाणितको आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट निर्णय भएका अस्पतालहरुमा Patient Minitor उपलब्ध गराउने । |

| | |
|---|---|
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ । |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## 11.विरामीका लागि वेड खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु १ करोड मात्र | बटा | १ | प्रथम |

| | |
|---|---|
| परिचय | केही अस्पताहरुमा विरामी भर्नाको चापको कारणले बेड अभाव रहेको छ भने केहि अस्पतालहरुमा भएका बेडहरु जिर्ण अवस्थामा छन तसर्थ उपचारका लागि भर्ना भएका विरामीहरु सहज रुपले बेड प्राप्तहोस  सेवा प्रवाहमा सहजताहोस भन्ने उद्देस्यले यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | भर्ना गर्नुपर्ने विरामीहरुको उपचारमा सहजता ल्याउने। |
| लक्षित समूह | प्रदेश भित्रका अस्पताल तथा प्रथमिक स्वास्थ्य केन्द्रहरु |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • आवश्यक परिमाण एकिन गर्ने ।<br>• दक्ष प्राविधिकबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा लगत इस्टिमेट तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment Inspection र प्रमाणितको आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट निर्णय भएका स्वास्थ्य संस्थाहरुमा सामान वितरण गर्ने । |

| | |
|---|---|
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## 12. स्वास्थ्य संस्थाहरुको लागि Wheel Chair खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु २० लाख मात्र | बटा | १ | प्रथम |

| | |
|---|---|
| परिचय | अस्पतालहरुमा बिरामीको चाप बढी भएका, भर्ना भएका सिकिस्त विरामी तथा अशक्त व्यक्तिलाई उपचारका क्रममा सहजरुपले आवत जावत गर्न सकियोस भन्ने उद्देश्यले यो शिर्षकमा बजेटको व्यवस्था गरिएको छ । |
| उद्देश्य | भर्ना भएका सिकिस्त विरामी तथा अशक्त व्यक्तिलाई उपचारका क्रममा सहजरुपले आवत जावत गर्न सहयोग गर्ने। |
| लक्षित समूह | प्रदेश भित्रका अस्पताल तथा प्रथमिक स्वास्थ्य केन्द्रहरु |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • परिमाण एकिन गर्ने ।<br>• दक्ष प्राविधिक बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा लगत इस्टिमेट तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment Inspection र प्रमाणित आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट निर्णय भएका स्वास्थ्य संस्थाहरुमा Wheel Chair उपलब्ध गराउने । |
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ । |

| | |
|---|---|
| अभिलेख प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## 13.ICU Ventilator Machine खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु २ करोड मात्र | बटा | १ | प्रथम |

| | |
|---|---|
| परिचय | अस्पतालको सेवालई समयानुकुल आधुनिकिकरण तथा प्रविधि युक्त बनाई श्वास प्रश्वास फेर्नमा  कठिनाई भएका सिकिस्त विरामीहरुका लागि उपचारमा सहजता ल्याउन लागि आवश्यक पर्ने ICU Ventilator Machine खरिदका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | जटिल र सिकिस्त विरामीहरुको उपचारमा सघाउ पुर्याउने । |
| लक्षित समूह | प्रदेश मातहतका विशेषज्ञ सेवा उपलब्ध भएका अस्पतालहरु |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • आवश्यक परिमाण एकिन गर्ने ।<br>• दक्ष प्राविधिकबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा लगत इस्टिमेट तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment Inspection र प्रमाणितका आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट निर्णय भएका अस्पतालहरुमा बितरण तथा जडान गर्ने । |
| लक्षित समूह | प्रदेश मातहतका विशेषज्ञ सेवा उपलब्ध भएका अस्पतालहरु |
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ । |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## 14.अस्पतालहरुमा Lipid Profile लगायत Bio-Chemistry परिक्षण सेवा सञ्चालनका लागि उपकरण खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु ५५ लाख मात्र | बटा | १ | प्रथम दोस्रो |

| | |
|---|---|
| परिचय | आधुनिक जीवनशैली तथा खाध्य व्यवहारमा आएको परिवर्तन सँगै विभिन्न किसिमका रोगहरु साथै मुटु रोग उच्च रक्त चाँप मधुमेह तथा कलेजो सम्बन्धी रोगहरु बढ्दै गएको छन ।यस्ता रोगहरुको समयमै पहिचान गर्नका यो शिर्षकमा बजेटको ब्यवस्था गरिएको छ । |
| उद्देश्य | रोगको निदानका लागि सहयोग पुर्याउने । |
| लक्षित समूह | प्रदेश भित्रका अस्पताल तथा प्रयोगशालाहरु |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट Lipid Profile लगायत Bio-chemistry सम्बन्धी सामाग्रीहरुको सुची तयार गर्ने ।<br>• आवश्यक परिमाण एकिन गर्ने ।<br>• दक्षप्राविधिकबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा लगत इस्टिमेट तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment Inspection र प्रमाणितका आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट निर्णय भएका प्रयोगशालाहरुमा वितरण गर्ने । |
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## 15.नवजात शिशुको उपचारको लागि अस्पतालमा NICU सेटअप

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु १ करोड ५० लाख मात्र | बटा | १ | प्रथम |

| | |
|---|---|
| परिचय | नवजात शिशुको मृत्युदर न्युनिकरणका लागि जटिल समस्या भएका नवजात शिशुको उपचारमा सघाउ पुर्याउने उद्देश्यले यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | NICU सेवा विस्तार तथा सुदृढिकरण गर्ने । |
| लक्षित समूह | नवजात शिशु उपचार सेवा उपलब्ध भएका अस्पतालहरु। |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • प्रदेश भित्रका स्वास्थ्य संस्था) अस्पताल(हरु सँग समन्वय गरी सूची तयार गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा लगत इस्टिमेट तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment Inspection को आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट निर्णय भएका अस्पतालहरुमा वितरण गर्ने । |
| बजेट बाडफाँड | प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धित निर्देशिका २०७६ बमोजिम बाडफाँड गरि स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया पुरा गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

# खण्ड - घ

# स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरु

## 1. रुरल मेडिकल रेस्पोन्डर(RMR) तालिम

| खर्च शीर्षक नं. | बजेट (लाख) | एकाइ | परिमाण | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५११ | ९ लाख | समुह | २ ब्याच | दोस्रो र तेश्रो चौमासिक |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | सडक दुर्घटना र अन्य आपतकालिन अवस्था उत्पन्न भई ज्यान जोखिममा परेका व्यक्तिहरुको जीवनरक्षाको लागि घटना स्थलमा नै यथासक्य छिटो समयमा पुगि घाइते तथा प्रभावितहरुलाई प्राथमिक उपचार तथा प्रेषण कार्यको लागि स्वास्थ्यकर्मी तथा चिकित्सकहरुको अभाव रहेको छ, यसरी राजमार्ग तथा सडकसंग नजिक रहेका सडक दुर्घटना बढि हुने क्षेत्रका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मीहरुलाई त्यस सम्बन्धी ज्ञान तथा सीप बृध्दि गरी आकस्मिक सेवा प्रदान गर्न आवश्यक देखिएकोले यो तालिम कार्यक्रमको व्यबस्था गरिएको छ । |
| उद्देश्य | सडक दुर्घटना तथा अन्य आपतकालिन अवस्थामा परेका व्यक्तिहरुका यथासक्य उपचार गर्न सक्ने जनशक्ति उत्पादन गर्ने । |
| जिम्मेवार निकाय | स्वास्थ्य तालिम केन्द्र, प्रदेश नं. ५, बुटवल |
| लक्षित समुह | प्रदेश अन्तर्गतका राजमार्ग तथा सडक नजिकका सडक दुर्घटना बढि हुने क्षेत्रका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मीहरु । |
| सहभागी छनौटका आधार | • सम्बन्धित काउन्सिलमा दर्ता भएको स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक/ स्वास्थ्यकर्मीहरु हुनुपर्नेछ ।<br>• राजमार्ग तथा सडकसंग नजिक रहेका सडक दुर्घटना बढि हुने क्षेत्रका अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र र ,स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई ग्राहयता दिई छनौट गर्नुपर्नेछ। |
| प्रशिक्षक तथा कार्यक्रम | • सम्बन्धित विषयमा तालिम प्राप्त जनशक्ति प्रशिक्षकका रुपमा लिने ।<br>• सम्बन्धित क्षेत्रमा १ बर्ष अनुभव भएको हुनपर्ने ।<br>• संयोजकको लागि स्वास्थ्यसँग सम्बन्धित स्वास्थ्यकर्मी हुनुपर्ने । |

| | |
|---|---|
| संयोजकको छनौटको आधार | |
| सञ्चालन प्रक्रिया | • तालिम योजना तयार गर्ने/पूर्व तयारी गर्नुपर्ने ।<br>• पूर्व तयारी बैठक गरी तालिम सञ्चालनको निर्धारण गर्ने ।<br>• स्थानीय तह मातहतको स्वास्थ्यकर्मी भए स्थानीय तहसँग समन्वय र प्रदेश तहको स्वास्थ्यकर्मी अस्पताल/स्वास्थ्य कार्यालयसँग समन्वय गरी समबन्धित स्वास्थ्य संस्थामा आकस्मिक सेवामा काम गर्ने तालिम नलिएका चिकित्सक/स्वास्थ्यकर्मीहरुको पहिचान गरी सहभागी छनौट गर्ने । ।<br>• तालिम सामाग्री निर्माण गर्ने वा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रसँग समन्वय गरी प्राप्त गर्ने ।<br>• राजमार्ग तथा सडकसंग नजिक रहेका सडक दुर्घटना बढि हुने क्षेत्रका अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा कार्यरत , स्वास्थ्यकर्मीहरुसूची तयार गरी तालिमका लागि सहभागीलाई आमन्त्रण गर्ने ।<br>• बजेटको परिधि भित्र रही तालिम सञ्चालनको लागि आवश्यक सामाग्री खरिद गर्न सकिने छ ।<br>• सम्बन्धित क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तरार्ष्ट्रिय संघ/संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।<br>• तालिमको नतिजाको बारेमा आन्तरिक समिक्षा गर्ने । |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| तालिमको अवधि तथा सहभागी संख्या | • तालिम अवधिः ८ दिन<br>• सहभागी संख्याः २० देखि २५ जना |
| अपेक्षित उपलब्धी | सडक दुर्घटना तथा अन्य आपतकालिन अवस्थामा परेका व्यक्तिहरुका यथासक्य उपचार गर्न सक्ने जनशक्ति उत्पादन हुनेछ । |
| अनुगमन र मुल्याङ्कन | • सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तालिम केन्द्रले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न भएको व्यहोरा प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारीताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ । |

| | |
|---|---|
| | • तालिम अवधिमा प्रि र पोष्ट टेष्ट गरी सहभागीको मुल्यांकन गरिने छ । |
| प्रतिवेदन | तालिम सम्पन्न भए पश्चात तालिम संयोजकले बिस्तृत प्रतिवेदन बनाई स्वास्थ्य तालिम केन्द्रमा पेश गर्नु पर्नेछ । |

## 2. लामो अवधिको परिवार नियोजन साधन(ईम्पलान्ट) सम्बन्धी तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २२५११ | रु.८ लाख मात्र | समूह | ४ | पहिलो,दोश्रो,तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | लामो अवधिको परिवार नियोजनका साधन (ईम्पलान्ट) तालिम स्वास्थ्य कर्मी तथा नर्सिगं स्टाफलाई प्रदान गरी परिवार नियोजनको प्रयोगदर वृद्धि गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्य** | गुणस्तरिय परिवार नियोजन सेवा प्रदान र परिवार नियोजन सेवा प्रयोगदरमा बृद्धि गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीहरूमा सीप, दक्षता र क्षमताको विकास गर्ने । |
| **जिम्वार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | तालिम नपाएका स्वास्थ्यकर्मीहरु र नर्सिङ् कर्मचारीहरु |
| **सहभागी छनौटका आधार** | • स्वास्थ्यकर्मीहरुको हकमा नेपाल स्वास्थ्य ब्यवसायी परिषदमा र नर्सिङ कर्मचारीहरुका लागि नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य संस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजक छनौटको आधार** | • CTS र इम्प्लान्ट तालिम लिएका कम्तिमा स्टाफ नर्स योग्यता भएका<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुन पर्ने ।<br>• संयोजकको लागि सिटएस तालिम लिएको हुनु पर्ने । |
| **सञ्चालन प्रक्रिया** | • तालिमको योजना तयार गर्ने ।<br>• जिल्ला र स्थानीय तहले सहभागीको सुची तयार गर्ने।<br>• सोही सूचिको आधारमा लक्षित सेवाग्राहीको संख्या धेरै भएको,सेवाको पहुँच नपुगेको स्थान तथा तालिम प्राप्त जनशक्ति अभावका कारण सेवा प्रबाहमा निरन्तरतामा कठिनाई भएको स्वास्थ्य संस्थाका कार्यरत कर्मचारीलाई प्राथमिकता दिई सहभागी छनौट गर्ने । ।<br>• महिला सहभागीलाई प्राथमिकता दिनुपर्ने । |

| | |
|---|---|
| | • विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ संस्थाहरुको सुची तयार गरी तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• तालिमको लागि संस्था छनौट गर्दा जँहा उक्त सेवा दिनको लागि अरु सेवा प्रदायकहरु छैनन त्यही संस्थालाई प्राथमिकता दिनु पर्दछ ।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने र सहभागीलाई पायक पर्ने स्थानमा तालिमको स्थान छनौट गर्नुपर्नेछ ।<br>• बजेटको परिधि भित्ररही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ ।<br>• सहभागीले तालिम पश्चात आफु कार्यरत स्वास्थ्य संस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको ज्ञान र सीपको प्रस्तुतीकरण अनिवार्य रुपमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिममा दिइएका विधि अनुरुप प्राप्त ज्ञान र सीपको प्रयोग सही तवरले भए नभएको तालिम साइटका प्रशिक्षक वा विज्ञलाई सहभागी गराई स्वास्थ्य तालिम केन्द्रले अनुगमन गराउनु पर्नेछ ।<br>• सम्बन्धित क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तरार्ष्ट्रिय संघ/संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साईट नभएमा संघ वा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरी तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ ।<br>• तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने । |
| **तालिम अवधि र सहभागी संख्या** | तालिम अवधिः ८ दिन<br>सहभागी संख्या प्रति ब्याचः ४ जना |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | नर्सिङ कर्मचारी र स्वास्थ्यकर्मीहरूमा परिवार नियोजन सेवा प्रदान गर्ने सीप र दक्षता विकास भई गुणस्तरीय परिवार नियोजन सेवा प्रयोगदरमा बृद्धि हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | • सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तालिम केन्द्रले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ । |

| | |
|---|---|
| | • तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरी सहभागीको मुल्यांकन गर्न सकिनेछ । |
| **प्रतिवेदन प्रणाली** | तालिम सम्पन्न भए पश्चात Training Coordinator ले बिस्तृत प्रतिवेदन बनाई स्वास्थ्य तालिम केन्द्रमा पेश गर्नु पर्नेछ ।। |

## 3. लामो अवधिको परिवार नियोजन साधन (आइ.यु.सि.डि.) सम्बन्धी तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २२५११ | रु. २ लाख मात्र | समूह | १ | दोश्रो, |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | लामो अवधिको परिवार नियोजनका साधन(आई.यु. सि. डि.) तालिम नर्सिगं स्टाफलाई प्रदान गरी परिवार नियोजनको प्रयोगदर वृद्धि गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्य** | गुणस्तरिय परिवार नियोजन सेवा प्रदान र परिवार नियोजन सेवा प्रयोगदरमा बृद्धि गर्न नर्सिङ कर्मचारीहरुको सीप, दक्षता र क्षमताको विकास गर्ने । |
| **जिम्वार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | तालिम नपाएका नर्सिङ् कर्मचारीहरु |
| **सहभागी छनौटका आधार** | • आयुसिडी तालिमको लागि अनमी वा स्टाफ नर्स कोर्ष उतीर्ण गरी नेपाल नर्सिङ् काउन्सिलमा दर्ता गरेको हुनु पर्नेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य संस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजक छनौटको आधार** | • CTS र आइ.यु.सि.डी. तालिम लिएका कम्तिमा स्टाफ नर्स योग्यता भएका<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुनुपर्ने । |
| **सञ्चालन प्रक्रिया** | • तालिम योजना तयार गर्ने ।<br>• जिल्ला र स्थानीय तहले सहभागीको सुची तयार गर्ने।<br>• सोही सूचिको आधारमा लक्षित सेवाग्राहीको संख्या धेरै भएको, सेवाको पहुँच नपुगेको स्थान तथा तालिम प्राप्त जनशक्ति अभावका कारण सेवा प्रबाहमा निरन्तरतामा |

| | |
|---|---|
| | कठिनाई भएको स्वास्थ्य संस्थाका कार्यरत कर्मचारीलाई प्राथमिकता दिई सहभागी छनौट गर्ने । ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ संस्थाहरुको सुची तयार गरी तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• पहिला तालिम लिईसकेका स्वास्थ्यकर्मीलाई तालिममा सहभागी गराउन पाईने छैन ।<br>• तालिमको लागि संस्था छनौट गर्दा जँहा उक्त सेवा दिनको लागि अरु सेवा प्रदायकहरु छैनन त्यही संस्थालाई प्राथमिकता दिनु पर्दछ ।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने र सहभागीलाई पायक पर्ने स्थानमा तालिमको स्थान छनौट गर्नुपर्नेछ ।<br>• बजेटको परिधि भित्ररही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ ।<br>• सहभागीले तालिम पश्चात आफु कार्यरत स्वास्थ्य संस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको ज्ञान र सीपको प्रस्तुतीकरण अनिवार्य रुपमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिममा दिइएका विधि अनुरुप प्राप्त ज्ञान र सीपको प्रयोग सही तवरले भए नभएको तालिम साइटका प्रशिक्षक वा विज्ञलाई सहभागी गराई स्वास्थ्य तालिम केन्द्रले अनुगमन गराउनु पर्नेछ ।<br>• सम्बन्धित क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तरार्ष्ट्रिय संघ/संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साईट नभएमा संघ वा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरी तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ ।<br>• तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **तालिम अवधि रसहभागी संख्या** | तालिम अवधिः ८ दिन<br>सहभागी संख्या प्रति ब्याचः ४ जना । |
| **अपेक्षित उपलव्धी** | • चिकित्सक तथा स्वास्थ्यकर्मीहरूमापरिवार नियोजन सेवा प्रदान गर्ने सीप र दक्षता विकास भई परिवार नियोजन सेवा प्रयोगदरमा गुणस्तरीयता बृद्धि हुने । |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कन** | • सामाजिक विकास मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरी सहभागीको मुल्यांकन गर्न सकिनेछ । |
| **प्रतिवेदन प्रणाली** | तालिम सम्पन्न भए पश्चात Training Coordinator ले बिस्तृत प्रतिवेदन बनाई स्वास्थ्य तालिम केन्द्रमा पेश गर्नु पर्नेछ ।। |

## 4. अस्पताल नर्सिङ्ग स्टाफहरुलाई ओ.टि. म्यानेजमेन्ट तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २२५११ | रु.८ लाख मात्र | समूह | १ | दोश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | सहभागिहरुलाई अस्पतालमा शल्य कक्षका सदस्यहरुसँग मिलेर शल्यक्रिया अघि शल्यक्रियाको दौरानमा र शल्य क्रिया पश्चात विरामीलाई उचित स्याहार गर्न उचित निर्णय लिन सक्ने बनाउनको लागि साथै विरामीको गोपनियता कायम गरी स्वस्थ्य हुन र सम्मान पूर्वक बाच्न पाउने अधिकारलाई सुनिश्चित गर्नको लागि शल्यक्रिया तालिमको नितान्त आवश्यक पर्दछ। |
| **उद्देश्य** | शल्यक्रियाद्वारा हुने स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्न सेवा प्रदायक (नर्सिङ् स्टाफ)को शल्यक्रिया कक्ष र सो सम्बन्धी सेवा व्यवस्थापन सम्बन्धी सीप र दक्षता विकास गर्ने। |
| **जिम्मेवार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | प्रदेश अन्तर्गतका अस्पतालमा कार्यरत कम्तिमा स्टाफ नर्स योग्यता भएका नर्सिङ कर्मचारीहरु |
| **सहभागी छनौटका आधार** | • कम्तिमा स्टाफ नर्स कोर्ष उतीर्ण गरी नेपाल नर्सिङ् काउन्सिलमा दर्ता भएको<br>• सहभागी छनौट गर्दा शल्य कक्ष प्रविधि तथा ब्यवस्थापन गर्नको लागि जनशक्तिको आवश्यकता भएको शल्यक्रिया सम्बन्धि कार्य भईरहेको अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |

| | |
|---|---|
| **प्रशिक्षक तथा कार्यक्रम संयोजकको छनौटको आधार** | • CTS र शल्यकक्ष व्यवस्थापन तालिम लिएका चिकित्सक वा नर्सिगं स्टाफ हुनुपर्नेछ ।<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुनुपर्नेछ ।<br>• तालिम साइटको संयोजक CTS तालिम लिएको हुनु पर्नेछ । |
| **सञ्चालन प्रक्रिया** | • तालिम योजना (Training plan) तयार गर्ने ।<br>• जिल्ला र स्थानीय तहले सहभागीको सुची तयार गर्ने।<br>• सो सूचिको आधारमा स्थानीय तह मातहतको अस्पताल भए स्थानीय तहसँग र प्रदेश तहको अस्पतालसँग समन्वय गरी अस्पतालको अपरेशन कक्षमा कम्तिमा ३ जना दक्ष जनशक्ति हुने गरी तालिम नलिएका नर्सिङ्ग स्टाफहरुको पहिचान गरी छनौट गर्ने।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• बजेटको परिधि भित्र रही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ ।<br>• सहभागीले तालिम पश्चात आफु कार्यरत स्वास्थ्य संस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको ज्ञान र सीपको प्रस्तुतीकरण अनिवार्य रुपमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिममा दिइएका विधि अनुरुप प्राप्त ज्ञान र सीपको प्रयोग सही तवरले भए नभएको तालिम साइटका प्रशिक्षक वा विज्ञलाई सहभागी गराई स्वास्थ्य तालिम केन्द्रले अनुगमन गराउनु पर्नेछ ।<br>• सम्बन्धित क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तरार्ष्ट्रिय संघ/संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साईट नभएमा संघ वा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरी तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ ।<br>• तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने । |
| **बजेट बाँडफाँड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **तालिम अवधि र सहभागी संख्या** | • तालिम अवधिः ४२ दिन<br>• सहभागी संख्या प्रति ब्याचः १० जना |
| **अपेक्षित उपलव्धी** | • सेवाप्रदायक (नर्सिङ्ग स्टाफ) को शल्यक्रिया कक्ष र सेवा व्यवस्थापन सम्बन्धी सीप र दक्षता विकास भई शल्यक्रियाद्वारा हुने स्वास्थ्य सेवाको गुणस्तर बृद्धि हुनेछ । |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कन** | • सामाजिक विकास मन्त्रालय र तालिम केन्द्रले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरी सहभागीको मुल्यांकन गर्न सकिनेछ । |
| **प्रतिवेदन** | तालिम सम्पन्न भए पश्चात Training Coordinator ले बिस्तृत प्रतिवेदन बनाई स्वास्थ्य तालिम केन्द्रमा पेश गर्नु पर्नेछ । |

## 5. चिकित्सकहरुको लागि भ्यासेक्टोमी तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २२५११ | रु.४ लाख २० हजार मात्र | समूह | २ | दोश्रो र तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **तालिमको संक्षित परिचय** | गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्न चिकित्सकहरुलाई सक्षम बनाउन १२ दिने भ्यासेक्टोमी तालिमको लागि यो कार्यक्रमको व्यबस्था गरीएको हो । |
| **तालिमको उद्देश्य** | गुणस्तरीय भ्यासेक्टोमी सेवा प्रदान गर्नको लागि दक्ष सेवा प्रदायक चिकित्सक तयार गर्न । |
| **जिम्मेवार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | यस प्रदेश वा स्थानीय पालिका अन्तर्गत अस्पतालमा कार्यरत चिकित्सकहरु |
| **सहभागी छनौटका आधार** | • नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सक ।<br>• विगतमा भ्यासेक्टोमी तालिम नलिएको ।<br>• परिवार नियोजन सेवा दिन इच्छुक हुनुपर्नेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य संस्था वा अस्पतालमा कार्यरत स्थायी चिकित्सकहरुलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा संयोजक छनौटका आधार** | • भ्यासेक्टोमी तालिम लिएको चिकित्सक<br>• क्लिनिकल तालिम साईटको मापदण्ड अनुसारको प्रशिक्षक हुनुपर्ने ।<br>• सम्बन्धि क्षेत्रमा कम्तिमा १ वर्षको कार्य गरेको ।<br>• संयोजकको लागि सि.टि.एस. तालिम लिएको हुनुपर्ने । |
| **सञ्चालन प्रक्रिया** | • तालिम योजना (Training plan) तयार गर्ने । |

| | |
|---|---|
| **परिचय** | सर्पदंश सम्वन्धी समस्या भएका जिल्लाका कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरुलाई यो तालिमको आवश्यक पर्दछ । सर्पको टोकाई धेरै हुने गरेको समुदायमा रहेका स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरुलाई सर्पदंश सम्बन्धी तालिम दिन यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्य** | विषालु सर्पको टोकाई पहिचान, समयमा व्यवस्थापन तथा आवश्यकतानुसार प्रेषण गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने । |

| | |
|---|---|
| **जिम्मेवार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | यस प्रदेश वा स्थानीय पालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मीहरु । |
| **सहभागी छनौटका आधार** | • नेपाल स्वास्थ्य ब्यवसायी परिषदमा दर्ता भएका स्वास्थ्यकर्मीहरु हुनु पर्नेछ ।<br>• चिकित्सकको हकमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनु पर्ने ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य संस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा तालिम संयोजक छनौटका आधार** | • सम्बन्धित बिषयको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त<br>• Critical Care बिशेषज्ञ र फिजिसियन |
| **सञ्चालन प्रक्रिया** | १. तालिम योजना (Training plan) तयार गर्ने ।<br>२. प्रदेश अन्तर्गत स्वास्थ्य कार्यालय, अस्पताल र स्थानीय तहसँग समन्वय गरी चिकित्सक तथा स्वास्थ्यकर्मी छनौट गर्ने<br>३. विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पतालहरुको सुची तयार गरी तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने र समन्वय, सहजीकरण र सहकार्यमा तालिम सञ्चालन गर्ने ।<br>४. पहिला तालिम लिईसकेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई तालिममा सहभागी नगराउने ।<br>५. राष्ट्रिय वा प्रदेश तालिम निर्देशिका वा कार्यविधि वा प्रोटोकल वा अन्य Practice बमोजिम सहभागी संख्या र ब्याच तालिम केन्द्रले विनियोजित बजेटको आधारमा निर्धारण गर्ने र योजना बनाई तालिम सञ्चालन गर्ने ।<br>६. स्वास्थ्य संस्था र सहभागी छनौटको अन्य Criteria हरु स्वास्थ्य तालिम केन्द्र आफैले निर्धारण गर्नेछ ।<br>७. बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ ।<br>८. तालिम पश्चात तालिममा दिइएका विधि अनुरुप प्राप्त ज्ञान र सीपको प्रयोग सही तवरले भए नभएको तालिम साइटका प्रशिक्षक वा विज्ञलाई सहभागी गराई स्वास्थ्य तालिम केन्द्रले अनुगमन गराउनु पर्नेछ ।<br>९. सम्बन्धित क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तरार्ष्ट्रिय संघ/संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।<br>१०. प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साईट नभएमा संघ वा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरी तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ । |

| | |
|---|---|
| | ११.तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र खर्च गर्नुपर्नेछ। |
| तालिम अवधी र सहभागी संख्या | तालिम अवधीः ३ दिन<br>सहभागी संख्या प्रति ब्याचः २० जना |
| **अपेक्षित उपलव्धी** | चिकित्सक तथा स्वास्थ्यकर्मीको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि भई विषालु सर्पको टोकाई पहिचान, समयमा व्यवस्थापन वा उपचार तथा आवश्यक्ता अनुसार प्रेषण गर्न र सर्पको टोकाईबाट हुने जटिलता र मृत्युदर कमी आउने । |
| **अनुगमन र मुल्याङ्कन** | • सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तालिम केन्द्रले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यक्ता अनुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोष्ट टेष्ट गरी सहभागीको मुल्यांकन गरिने छ । |
| **प्रतिवेदन प्रणाली** | तालिम सम्पन्न भए पश्चात Training Coordinator ले बिस्तृत प्रतिवेदन बनाई स्वास्थ्य तालिम केन्द्रमा पेश गर्नु पर्ने छ । |

## 20.चिकित्सकहरुका लागि मेडिको लिगल तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २२५११ | रु.१० लाख ५० हजार मात्र | समूह | १ | दोश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | कुनै पनि अप्राकृतिक घटना वा कुनै कारणले मानिसको मृत्युको कारण पत्ता लगाउन जाचबुझ गर्ने चिकित्सकिय विधालाई मेडिको लिगल भनिन्छ। यो सेवा खास गरी नेपाल सरकारका चिकित्सकले मात्र गर्न सक्छ जसले गर्दा अप्राकृतिक मृत्युलाई बैधानिकता दिनको लागि पनि यो सेवा आवश्यक पर्दछ । |

| | |
|---|---|
| **उद्देश्य** | मेडिको लिगल सम्बन्धी सेवालाई व्यवस्थित गर्न चिकित्सकहरुको मेडिको लिगल सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने । |
| **जिम्मेवार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | यस प्रदेश अन्तर्गत वा स्थानीय पालिका अन्तर्गत अस्पताल वा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरु |
| **सहभागी छनौटका आधार** | • नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सक।<br>• राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा तालिम पूर्व अनलाईन परीक्षा उतीर्ण भए पछि मात्र सहभागिको सुनिश्चित गरीनेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य संस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजकको छनौटको आधार** | • क्लिनिकल तालिम साइटको प्रशिक्षक मापदण्ड अनुसार हुनु पर्नेछ । |
| **सञ्चालन प्रक्रिया** | • तालिम योजना (Training plan) तयार गर्ने ।<br>• प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी सहभागी छनौट गर्ने।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• सहभागीको सुची तयार गर्दा पहिला प्रदेश मातहतका अस्पतालमा प्रत्येक अस्पतालवाट प्रत्येक सिफ्टमा कम्तिमा १ जना हुने गरी सहभागी छनौट गर्ने ।<br>• मेडिको लिगल केस धेरै हुने स्वास्थ्य संस्था प्राथमिकतामा राखेर सहभागीको सुची तयार गर्नुपर्नेछ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पतालहरुको सुची तयार गरी तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न र तालिम पश्चात मेडिको लिगल कार्यमा प्रयोग हुने एक सेट सामाग्री समेत प्रदान गर्न सकिने ।<br>• तालिम पश्चात तालिममा दिइएका विधि अनुरुप प्राप्त ज्ञान र सीपको प्रयोग सही तवरले भए नभएको तालिम साइटका प्रशिक्षक वा विज्ञलाई सहभागी गराई स्वास्थ्य तालिम केन्द्रले अनुगमन गराउनु पर्नेछ ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साईट नभएमा संघ वा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरी तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ । |

| | |
|---|---|
| | • तालिमको नतिजाको बारेमा आन्तरिक समिक्षा गर्ने । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारबाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ |
| तालिम अवधी र सहभागी संख्या | तालिम अवधीः १६ दिन<br>सहभागी संख्या प्रति ब्याचः २० जना |
| **अपेक्षित उपलब्धी** | चिकित्सकहरुको मेडिको लिगल सम्बन्धी ज्ञान,सीप र क्षमताअभिवृद्धि भई मेडिको लिगल सम्बन्धी सेवा व्यवस्थित हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | • सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तालिम केन्द्रले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरी सहभागीको मुल्यांकन गर्न सकिनेछ । |
| **प्रतिवेदन प्रणाली** | तालिम सम्पन्न भए पश्चात Training Coordinator ले बिस्तृत प्रतिवेदन बनाई स्वास्थ्य तालिम केन्द्रमा पेश गर्नु पर्नेछ । |

## 21.तालिम साइट बिस्तार तथा सुदिढिकरण

| खर्च शिर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि ( चौमासिक) |
|---|---|---|---|---|
| २२५२२ | १० | पटक | ३ | प्रथम , दोस्रो र तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य सम्बन्धी बिभिन्न क्लिनिकल तालिमहरु निश्चित मापदण्ड पुरा गरेका तालिम साइटहरुबाट प्रदान गर्नुपर्ने हुन्छ।प्रदेश भित्रका अस्पतालहरुलाई नयाँ तालिम साईटको रुपमा बिकास गर्ने र स्वास्थ्य तालिम केन्द्र अन्तर्गत सञ्चालमा रहेका क्लिनिक तालिम साइटहरुको गुणस्तर सुधारका लागि उक्त तालिम साइटहरु मर्मत सम्भार र आवश्यक शिक्षण सिकाई |

| | |
|---|---|
| | सामाग्रीहरु उपलब्ध गराइ तालिम साइटलाइ प्रभावकारी तथा प्रविधि मैत्री बनाइराख्न आवश्यक भएकोले यो कार्यक्रमको व्यबस्था गरिएको छ। |
| उद्देश्य | क्लिनिक तालिमको बिस्तार तथा सुदृढिकरण गरी तालिमको  शिक्षण सिकाई कार्यलाई अनुकुल बनाउने। |
| जिम्मेवार निकाय | स्वास्थ्य तालिम केन्द्र,बुटवल |
| लक्षित समुह | प्रदेश न ५ अन्तर्गतका अस्पताल तथा क्लिनिकल तालिम साइटहरु |
| कार्यक्रम सञ्चालन विधि | • नयाँ तालिम साईटको रुपमा बिकास गर्ने प्रदेश भित्रका अस्पतालहरुको सूची तयार गर्ने।<br>• सूची अनुसारका अस्पतालहरुको प्राविधिक अनुगमन गर्ने<br>• प्राविधिक अनुगमनबाट प्राप्त प्रतिबेदनको आधारमा स्पेशिफिकेशन तथा लागत अनुमान तयार गर्ने र सोही अनुसार आवश्यक मर्मत-संभार गर्ने, शिक्षण सिकाई सामाग्रीहरु उपलब्ध गराउने र अन्य व्यबस्थापकिय खर्च गर्ने<br>• सुदिढिकरण गर्नु पर्ने तालिम साइटको पहिचान गर्ने<br>• पहिचान गरीएका तालिम साईटहरुको आवश्यकता विश्लेषणको लागि अनुगमन एवम मूल्याङकन गर्ने<br>• निश्चित तालिम साइटहरु छनौट गरी उक्त तालिम साईटहरुको आवश्यकता सम्बन्धमा  स्पेशिफिकेशन तथा लागत अनुमान तयार गर्ने<br>• उक्त लागत अनुमान तथा स्पेशिफिकेशनका आधारमा उपयुक्त भुक्तानी/हस्तान्तरण विधि छनौट गरी तालिम साईट सुदिढिकरण गर्नु पर्ने।<br>• सम्बन्धित क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तरार्ष्ट्रिय संघ/संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ । |
| बजेट बाँडफाड | प्रचलित ऐन,नियम ,निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारबाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शिर्षकहरुमा बाँडफाड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित प्रतिफल | तालिम सञ्चालनका लागी आवश्यक पूर्वधार विकास भइ गुणस्तरीय तालिम सञ्चालन हुनेछ । |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | गुणस्तरिय तालिम साइटबाट गुणस्तरिय तालिम सञ्चालन हुने |
| अनुगमन तथा मुल्यांकन | सामाजिक विकास मन्त्रालयले  र स्वास्थ्य तालिम केन्द्रले आवाश्यकता अनसार पुर्वधार वा गुणस्तरीयताको अनुगमन गर्नेछ । |

## 22.स्वास्थ्य तालिम केन्द्रको भवन डि.पि. आर निर्माण

| खर्च शिर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि ( चौमासिक) |
|---|---|---|---|---|
| ३११३५ | १०.० लाख | पटक | १ | दोस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | यस प्रदेश सरकार मातहतका कर्मचारीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न एवम क्षमता अभिवृद्दि तालिम सञ्चालन गर्न अन्तराष्ट्रिय मापदण्ड अनुरुपको भवन निर्माण गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्ने । |
| उद्देश्य | अन्तराष्ट्रिय मापदण्ड अनुरुपको सुविधा सम्पन्न तालिम भवन निर्माण गरी स्वास्थ्यकर्मीको क्षमता अभिवृद्दि गर्ने कार्यमा सहयोग गर्ने । |
| जिम्मेवार निकाय | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| लक्षित समुह | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश |
| परामर्शदाता छनौट आधार | ▪ सार्वजनिक खरीद ऐन, २०६३ एवम सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम । |
| निर्माण प्रक्रिया | ▪ लागत अनुमान (Cost Estimate) तथा विवरण (Specifications) तयार गर्ने<br>▪ राष्ट्रिया स्वास्थ्य तालिम केन्द्र एवम अन्य प्रदेशका स्वास्थ्य तालिम केन्द्रसंग समन्वय गरी सुविधा सम्पन्न तालिम केन्द्र निर्माणको पक्रियामा रहेको भए त्यसको अनुभव आदान प्रदान गरी DPR निर्माण कार्यमा सहयोग गर्ने ।<br>▪ परिमार्जित लागत अनुमान एवम Specifications का आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावलि, २०६४ बमोजिम परामर्शदाता छनौट गर्ने ।<br>▪ छनौट भएको परामर्शदातासंग खरीद सम्झौता गरी सो अनुरुप परामर्शदाता बाट भएको काम नियमित रुपमा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने । |

| | |
|---|---|
| बजेट बाँडफाड | प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावलि, २०६४ एवम प्रदेश सरकार, सार्वजनिक खर्च मापदण्ड एवम मितव्ययिता निर्देशिका, २०७५ बमोजिम सम्बन्धित अख्तियारवालबाट स्वीकृत गराएर मात्र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य तालिम केन्द्र, प्रदेश न. ५ को DPR तयार भई सुविधा सम्पन्न भवन निर्माण पक्रिया अगाडि बढाउन मार्गदर्शन प्रदान गर्नेछ । |
| अपेक्षित उपलब्धि | स्वास्थ्यकर्मीको क्षमता विकासको लागि आवश्यक पुर्वाधार तयार भई कर्मचारीहरुको ज्ञान,सिप र क्षमतामा बिकासमा टेवा पुग्नेछ । |
| अनुगमन तथा मुल्यांकन | ▪ सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तालिम केन्द्रले निर्माण अवधि र निर्माण पश्चात DPR निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा नियमित अनुगमन गर्नेछ ।<br>▪ तालिम पश्चात तालिमको प्रभावकारिताको लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन मुल्यांकन ,गर्नेछ । |

# खण्ड - ङ

# प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट सञ्चालन हुने कार्यक्रमहरु

## 1. करार कर्मचारी भर्ना (ल्याब टेक्निसियन-२, ल्याब ब्वाइ-१)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१३ | रु.११ लाख १६ हजार।- | सँख्या | ३ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ निदानको लागि प्रदेश स्तरमा स्थापना भएको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा २४ सै घण्टा प्रयोगशाला सेवा सञ्चालनको लागि आवश्यक प्रयोगशाला सँग सम्बन्धित जनशक्ति व्यवस्थापनका लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्यः | • प्रयोगशाला सेवालाई २४ सै घण्टा सञ्चालन गर्न। |
| खर्च क्षेत्र | तलब भत्ता |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| कार्यक्रम सञ्चालन विधिः | • गत वर्ष देखि कार्यरत ल्यावटेक्नेसियन र ल्याव व्वाई लाई निरन्तरता दिने ।<br>• कार्यरत नभएको अबस्थामा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार सेवा करारमा लिने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अनुगमन र सुपरिवेक्षण | सामाजिक विकास मन्त्रालयबाट अनुगमन र सुपरिवेक्षण हुनेछ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |

## 2. प्रयोगशालामा कार्यरत कर्मचारीहरुको लागि तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १८ लाख रुपैयाँ मात्र | वटा | १ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला तथा मातहतको प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई जनस्वास्थ्य सँग सम्बन्धित विभिन्न कार्यक्रमहरुको वारेमा ज्ञान सिप क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| उद्देश्य | प्रयोगशालाकर्मीहरुको क्षमताको विकास गर्ने । |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला। |
| खर्च क्षेत्रहरु | तालिम सञ्चालन खर्च |
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यकता पहिचान गरि कार्ययोजना तयार गर्ने ।<br>• कार्य योजना अनुसार तालिम कार्यक्रम सञ्चालन गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन,नियम,निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालयबाट अनुगमन तथा मुल्याङ्कन हुनेछ । |

## ३. ढुवानी खर्च (किट रिएजेन्ट तथा कन्ज्युमेवल सामाग्री)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.५ लाख मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | प्रयोगशाला सँग सम्बन्धित स्वाब, नमुना, किट रिएजेन्ट तथा कन्जुमेवल सामाग्री उपयुक्त समय तथा तोकिएको स्थानमा उपलब्ध गराउनका लागि यस शिर्षक अन्तर्गत बजेटको व्यवस्था गरिएको छ । |
| **उद्देश्यः** | प्रयोगशाला सँग सम्बन्धित स्वाब, नमुना, किट रिएजेन्ट तथा कन्जुमेवल सामाग्रीहरुको निरन्तर आपूर्ति तथा व्यवस्थापन गर्न । |
| **खर्च क्षेत्र** | गाडी भाडा, ईन्धन तथा व्यवस्थापकीय खर्च । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | प्रदेश जनस्वास्थ्य प्रयोगशला |
| **कार्यक्रम सञ्चालन विधिः** | • प्रयोगशाला सँग सम्बन्धित नियमित ढुवानि हुने (टि.बी, मलेरिया, एच.आई.भि आदि) सामाग्रीहरुको स्वास्थ्य कार्यालय तथा अस्पतालमा ढुवानि गर्ने।<br>• कोभिड १९ तथा अन्य संक्रामक रोगहरु सँग सम्बन्धित स्वाब, नमुना, किट रिएजेन्ट तथा कन्जुमेवल सामाग्रीहरुको ढुवानी। |

| | |
|---|---|
| | |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अनुगमन तथा** सुपरिवेक्षण | सामाजिक विकास मन्त्रालयबाट अनुगमन तथा सुपरिवेक्षण हुनेछ । |

## 4. परीक्षण सामाग्री (किट, रिएजेन्ट, भिटिएम, पिपिई तथा कन्ज्युमेवल सामाग्री) खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. ६६ लाख मात्र | पटक | १ | प्रथम र दोश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | विश्व व्यापिरुपमा फैलिएको कोभिड-१९ तथा अन्य संक्रामक रोगको निदान तथा रोकथामका लागि आवश्यक पर्ने परीक्षण सामाग्री (किट, रिएजेन्ट, भिटिएम, पिपिई तथा कन्जुमेवल सामाग्री) खरिद गर्नका लागि यो शिर्षकमा वजेटको व्यवस्था गरिएको छ । |
| **उद्देश्यः** | संक्रामक रोग परीक्षणको लागि आवश्यक पर्ने सामाग्रीहरुको समयमै खरिद भई त्यस्ता रोगहरुको समयमै निदान तथा उपचार एवं नियन्त्रणमा सहयोग पुग्ने छ । |
| **लक्षित समुहः** | प्रदेशका आम नागरीकहरु। |
| **खर्च क्षेत्र** | संक्रामक रोग परीक्षणका लागि चाहिने किट, रिएजेन्ट, भिटिएम, पिपिई तथा कन्जुमेवल सामाग्री। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| **कार्यक्रम सञ्चालन विधिः** | • खरिद गर्ने सामाग्रीहरुको सूची तयार गर्ने ।<br>• बार्षिक खरिद योजना तयार गरि सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद गर्ने । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अनुगमन तथा समिक्षा** | सामाजिक विकास मन्त्रालयबाट अनुगमन तथा सुपरीवेक्षण हुने छ । |

## 5. BSL-II ल्याव सञ्चालन उपकरण खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. १ करोड | पटक | १ | प्रथम, दोश्रो र तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ तथा अन्य संक्रामक रोगहरुको समयमै निदान तथा प्रयोगशालाको सेवा विस्तार गर्नका लागि यस शिर्षक अन्तर्गत बजेटको व्वस्था गरिएको छ । |
| उद्देश्यः | • कोभिड-१९ लगायत अन्य संक्रामक रोगहरुको नमुना परिक्षणको दायरा विस्तार भै नियमित रुपमा सेवा प्रवाह हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| कार्यक्रम सञ्चालन विधिः | • BSl-II प्रयोगशाला सञ्चालनका लागि आवश्यक पर्ने सामाग्रीहरुको सूचि तयार गर्ने ।<br>• बार्षिक खरिद योजना तयार गरि सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद गर्ने । |
| खर्च क्षेत्र | BSL-II प्रयोगशाला सञ्चालनका लागि आवश्यक सामाग्रीहरुको खरिद । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम,निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड,कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अनुगमन तथा सुपरिवेक्षण | सामाजिक विकास मन्त्रालयबाट अनुगमन तथा सुपरिवेक्षण हुनेछ । |

## 6. प्रयोगशालको भौतिक पुर्वाधार निर्माण सुधार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११६१ | रु. २५ लाख | पटक | १ | प्रथम दोश्रो र तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | प्रदेश जनस्वास्थ्य प्रयोगशालाको भौतिक पूर्वाधारहरुको मर्मत संभार नहुदा सेवा प्रवाहमा कठिनाई भएकोले सेवा प्रवाहमा सहजता ल्याउन मर्मत संभारका लागि यो शिर्षकमा बजेटको व्यवस्था गरिएको छ । |
| उद्देश्यः | मर्मत संभार गरि सेवा प्रवाहमा सहजता ल्याउन । |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| **कार्यक्रम सञ्चालन विधिः** | • मर्मत संभार गर्नु पर्ने भौतिक संरचनाहरुको सूची तयार गरि सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार मर्मत संभार गर्न प्रक्रिया अगाडि बढाउने । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अनुगमन र सुपरीवेक्षण** | सामाजिक विकास मन्त्रालयबाट अनुगमन र सुपरीवेक्षण हुनेछ । |

# खण्ड- च

# स्वास्थ्य कार्यालयहरु मार्फत सञ्चालन कार्यक्रमहरु

## 1. ८४ बर्ष पुगेका जेष्ठ नागरीकहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १ करोड ९८ लाख मात्र | जिल्ला | १२ | प्रथम,दोश्रो,तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | जेष्ठ नागरीकहरुको बिभिन्न कारणले अस्पतालमा गई स्वास्थ्य सेवा लिन कठिनाई हुने हुँदा उँहाहरुलाई स्वस्थ रहन मद्दत गर्ने र उँहाहरुको मनोबल बढाउनका लागि प्रदेश सरकारले ८४ वर्ष उमेर पुगेका जेष्ठ नागरीकहरुलाई स्वास्थ्यकर्मीहरु घरघरमा गएर आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | प्रदेश भित्र वसोवास गर्ने ८४ वर्ष पुगेका सवै जेष्ठ नागरीकहरुलाई घरमै स्वास्थ्य सेवा प्रदान गर्ने । |
| **लक्षित समुहः** | प्रदेशभित्र बसोबास गर्ने ८४ वर्ष भन्दा माथिका जेष्ठ नागरीकहरु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्थानीय तहसँग सम्वन्वय गरी स्वास्थ्य कार्यालयहरुले सञ्चालन गर्ने । |
| **कार्यक्रम सञ्चालन विधिः** | • स्थानीय तहसँग समन्वय गरी सामाजिक विकास मन्त्रालयबाट जारी "८४ वर्ष उमेर पुगेका जेष्ठ नागरीकहरुको घरमै स्वास्थ्य सेवा सम्बन्धी निर्देशिका (संशोधन समेत) २०७५" बमोजिम सञ्चालन गर्नुपर्नेछ ।<br>• मासिक रुपमा सेवा दिएको संख्या तोकिएको ढाँचामा प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा पेश गर्नु पर्नेछ । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरिनेछ । |

| | |
|---|---|
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## 2. विभिन्न किटजन्य रोगहरुबारे सचेतना पैरवी

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.१८ लाख मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो, तेश्रो |

| | |
|---|---|
| **उपशीर्षकः** | **विवरण** |
| **परिचयः** | प्रदेश न ५ को अधिकांस जिल्लाहरुमा किटजन्य रोग प्रमुख स्वास्थ्य समस्याको रुपमा रहेको छ। समुदायमा रहेका किटजन्य रोगहरुको बारेमा जानकारी दिने, सो रोगहरुबाट बच्ने उपायहरु पालना गर्ने र किटजन्य रोगहरुबाट हुने बिरामीको संख्यामा कमि ल्याइ स्वस्थ्य जीवन यापन गर्ने बानीको विकास गर्न यो कार्यक्रमको ब्यबस्था गरीएको छ । |
| **उद्देश्यः** | समुदायमा रहेका प्रमुख किटजन्य रोगहरु लाग्नबाट बच्ने उपायहरुका वारेमा सचेत गराउने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य कार्यालयहरु । |
| **लक्षित समूह** | स्वास्थ्यकर्मीहरु,महिला स्वास्थ्य स्वयम सेविका, पत्रकार तथा स्थानिय प्रतिनिधिहरु |
| **कार्यक्रम सञ्चालन विधिः** | • समुदायमा देखा पर्ने प्रमुख किटजन्य रोगहरुको सुची तयार गरि कार्ययोजना निर्माण गरि स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयलाई जानकारी गराउने ।<br>• सचेतनाका लागि छनौट गरीएका विषयहरुको प्रस्तुतीकरणको तयारी तथा आवस्यक सामाग्रीको ब्यबस्थापन गर्ने<br>• कार्यक्रम सञ्चालन हुने मिति, स्थान र समय निर्धारण गरी कार्यक्रमका सहभागीहरूलाई आमन्त्रण गरि किटजन्य रोगको बिषयमा अभिमुखिकरण गर्ने।<br>• किटजन्य रोगहरुको अभिमुखिकरण पछि किटजन्य रोगहरुको रोकथामका लागि स्थानिय स्वास्थ्यकर्मी तथा प्रतिनिधिहरुलाइ कार्ययोजना निर्माण गर्न लगाउने। |
| खर्च क्षेत्र | अभिमुखिकरण, दै.भ्र.भ, तथा अनुगमन। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | समुदायमा रहेका प्रमुख किटजन्य रोगहरु लाग्नबाट बच्ने उपायहरुका वारेमा सचेत हुनेछन । |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरीनेछ। |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |

## 3. महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि आधारभूत/पुनर्ताजगी क्षमता विकास तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु. २४ लाख मात्र | जिल्ला | १२ | दोश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | महिला स्वास्थ्य स्वयं सेविकाहरुलाइ पुर्नताजगी तालिम दिई उनीहरुको स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान,सीप र क्षमतामा अभिवृद्धि गरी सेवाको पहूँचमा वृद्धि गर्ने र स्वास्थ्य सेवाको पहूँच बाट टाढा रहेका जनताहरुलाई अति आवश्यक आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाप्रदान गर्न गराउनमा सहयोग गर्न यो तालमि समावेस गरिएको छ । |
| **उद्देश्यः** | महिला स्वास्थ्य स्वयम सेविकाहरुलाइ थप ज्ञान शिपहरु प्रदान गरि आधारभूत पुनर्ताजगी क्षमता विकास गर्ने |
| **लक्षित समुहः** | महिला स्वास्थ्य स्वयम सेविकाहरु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य कार्यलयहरु |
| **कार्यक्रम सञ्चालन विधिः** | • स्थानिय तहहरुबाट महिला स्वास्थ्य स्वयम सेविका आधारभुत/ पुनर्ताजगी तालिम नलिएका महिला स्वास्थ्य स्वयम सेविकाहरुको सुचि तयार गर्ने।<br>• तालिम सँचालन गर्ने स्थान तथा सहभागीको कार्ययोजना निर्माण गरि स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयलाई जानकारी गराउने ।<br>• आधारभुत महिला स्वास्थ्य स्वयम सेविका तालिमको विषयहरुको प्रस्तुतीकरणको तयारी तथा आवस्यक सामाग्रीको ब्यबस्थापन गर्ने।<br>• महिला स्वास्थ्य स्वयम सेविका आधारभुत/ पुनर्ताजगी तालिम निर्देशिका अनुसार तालिम सञ्चालन गर्ने। |

| | |
|---|---|
| खर्च क्षेत्र | तालिम सामाग्री, दै.भ्र.भ, तथा अनुगमन। |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| अनुगमन र मुल्याङ्कन | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरीनेछ। |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |

## 4. बहुपक्षीय पोषण सुधार कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ३० लाख मात्र | जिल्ला | १२ | प्रथम |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| परिचयः | नेपाल जीवनस्तर सर्वेक्षण, २०१६ अनुसार पोषणको अवस्था हेर्दा ५ वर्ष मुनिका वालवालिका हरुमा ३६% पुड्का छन भने ५३% मा रक्त-अल्पता छ। यस कारण बिगतका विकास अभ्यासको अत्यन्त कम प्रभाव परेको एउटा महत्वपूण क्षेत्र दीर्घ कुपोषण हो जसले देशको सामाजिक-आर्थिक विकास र सहस्राब्दि विकास तर्फ भएको उपलब्धिलाई नकारात्मक असर पारेको छ। दिगो बिकास लक्ष्य प्राप्ती र सरकारका अन्य राष्टिय तथा अन्तराष्ट्रिय स्तरमा गरिवि तथा न्यून पोषणलाई तोड्ने काममा समेत सहायक हुने अपेक्षा गरीएको छ । |
| उद्देश्यः | बहुपक्षीय पोषण सुधार कार्यक्रमको माध्यमबाट मातृशिशुको पोषणको स्तिथीमा सुधार ल्याउनु । |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | स्वास्थ्य कार्यलयहरु |
| कार्यक्रम सञ्चालन विधिः | • बहुक्षेत्रिय पोषण सुधार कार्यक्रम सञ्चालन गर्दा स्थानिय तह तथा सो कार्यक्रम संग सम्बन्धित गैर सरकारी संघ सस्था संग समन्वय गरी पोषण तथा खाध्य सुरक्षा सम्बन्धि कार्ययोजना बनाउने र सो को जानकारी स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयलाई जानकारी गराउने।<br>• बहुक्षेत्रिय पोषण योजना अनुरुप स्थानिय तहका लक्षीत समुहहरुमा मातृ शिशु तथा वाल्यकालिन बहुक्षेत्रिय पोषण सुधार कार्यक्रम सञ्चालन गर्ने । |

| | |
|---|---|
| खर्च क्षेत्र | तालिम सामाग्री, दै.भ्र.भ, तथा अनुगमन। |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| अनुगमनर मुल्याङ्कन | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरीनेछ। |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |

## 5. समुदाय स्तरमा MPDSR कार्यक्रम सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १२ लाख मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | समुदाय स्तरमा भएका मातृ मृत्युको पहिचान गर्ने तथा उक्त मृत्युहरुको कारक तत्वको पहिचान गरि त्यस्ता मृत्यु पुन हुन नदनि समुदाय स्तरमा सुधारका कार्यहरु सञ्चालन गने समुदाय स्तरीय मातृ मृत्युनिगरानी तथा प्रतिकार्य कार्यक्रम सञ्चालन गरिएको छ । |
| **उद्देश्यः** | समुदाय तथा अस्पतालमा भएका मातृ मृत्युको पहिचान गर्ने, रिभ्यु गरी मृत्युका कारणको पहिचान गर्ने र भविस्यमा त्यस्ता मृत्युहरु हुन नदिन गुणस्तर सुधारको लागि स्थानिय तहको समन्वयमा समुदाय तथा स्वास्थ्य संस्था स्तरमा उपयुक्त क्रियाकलाप सञ्चालन गर्ने । |
| **लक्षित समुहः** | १२ देखि ५५ बर्ष उमेर पुगेका महिलाहरु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य कार्यलयहरु । |
| **कार्यक्रम सञ्चालन विधिः** | ▪ बढि मातृ मृत्यु हुने स्थानको छनौट गरी स्थानिय तह संग समन्वय गरि समुदाय स्तरीय मातृ मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रमको कार्ययोजना तयार गरि सो को जानकारी स्वास्थ्य निर्देशनालय र सामाजिक विकास मन्त्रालयलाई जानकारी दिने। |

| | |
|---|---|
| | ▪ स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वम सेविकाहरुलाई" मातृ मृत्यु तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य निर्देशिका" अनुसार मातृ निगरानी तथा प्रतिकार्य सम्वन्धी अभिमुखीकरण गर्ने। |
| खर्च क्षेत्र | अभिमुखीकरण, दै.भ्र.भ,यातायात खर्च तथा अनुगमन। |
| **बजेट बाँडफाड:** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरीनेछ। |
| **प्रतिवेदन:** | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |

## 6. स्वास्थ्य सम्बन्धी सचेतना मूलक कार्यक्रम, प्रकाशन, प्रसारण र सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. २४ लाख मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो, तेश्रो |
| | | | | |
| **उपशीर्षक:** | **विवरण** | | | |
| **परिचय:** | समाजमा रहेका नकारात्मक अवधारणाहरु हटाई नागरीकलाई स्वास्थ्य रहन आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी ज्ञान, सीप र चेतनालाई अभिबृद्धि गर्न, उपयुक्त र स्वस्थ्यकर व्यवहार अपनाउन लक्षित वर्गहरुको ज्ञान, धारणा तथा व्यहारमा सकारात्मक परिवर्तन गरि स्वस्थ्य जीवन यापन गर्ने बानीको विकास गर्न यो कार्यक्रमको ब्यबस्था गरीएको छ । | | | |
| **उद्देश्य:** | • समुदायका नागरिकहरुको सर्ने तथा नसर्ने रोगकोहरुको कारण,जोखिमका तत्वहरु र रोग लाग्नबाट बच्ने उपायहरुका वारेमा ज्ञान शिप धारणामा तथा ब्यबहारमा सकारात्मक परिवर्तन ल्याउनु ।<br>• महिला तथा बाल स्वास्थ्य, प्रजनन स्वास्थ्य संग सम्बन्धित प्रकाशन तथा प्रशारण । | | | |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | स्वास्थ्य कार्यालयहरु । | | | |
| **खर्च क्षेत्र** | फ्लेक्स निर्माण, पम्प्लेट /पोष्टर /ब्रोसर छपाइ, स्थानिय पत्रपत्रिका र एफ एम को माध्यमबाट सन्देश प्रकाशन र प्रशारण | | | |
| **लक्षित समूह :** | आम समुदाय | | | |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | • जिल्लामा देखिएका प्रमुख स्वास्थ्य समस्याको सुचि तयार गरि सो सम्बन्धमा प्रकाशन तथा प्रशारण गर्ने, बिषयबस्तुको विस्तृत कार्य योजना तयार गर्ने।<br>• होर्डिङ्ग बोर्ड राख्दा मानिसहरुको आवत जावत हुने स्थानमा राख्नुपर्नेछ ।<br>• पत्रपत्रिकामा सन्देश प्रकाशन गर्दा स्पष्ट तथा सम्भव भएसम्म रङ्गिन छपाई गर्नुपर्नेछ।<br>• छपाँइ तथा एफ एम रेडियोको माध्यमबाट दिईने सन्देश स्थानिय भाषामा सबैले बुझ्नेगरि प्रकाशन तथा प्रशारण गर्ने । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | आम समुदायका नागरिकहरुको सर्ने तथा नसर्ने रोगकोहरुको कारण,जोखिमका तत्वहरु र रोग लाग्नबाट बच्ने उपायहरुका वारेमा ज्ञान शिप धारणामा तथा ब्यबहारमा सकारात्मक परिवर्तन हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरीनेछ। |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |

## 7. एकिकृत जनस्वास्थ्य अभियान ( कुष्ठरोग, क्षयरोग Obstrectric फिस्टुला तथा पाठेघर रोगीको स्क्रिनिङ रिङ्ग पेशरी तथा VIA जाँच तथा शल्यकृया

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.९६ लाख मात्र | जिल्ला | १२ | दोश्रो ,तेस्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | कुष्ठरोग, क्षयरोग समुदायमा जनस्वास्थ्य समस्याको रुपमा रहेका छन। पाठेघर खस्ने, फिस्टुला तथा पठेघरको मुखको क्यान्सर महिलाहरुमा हुने प्रमूख प्रजनन् स्वास्थ्य समस्याहरु हुन् । समयमै यस्ता समस्याहरु पत्ता लगाउन सकेमा रोगको सुरुवाती समयकै अवस्थामा उपचार तथा व्यवस्थापन गर्न सकिन्छ र प्रजनन् रुग्णता घटाइ महिलाहरुको प्रजनन् स्वास्थ्य स्तर उकास्न यी समस्याहरुको परीक्षणका लागि एकिकृत जनस्वास्थ्य अभियान मार्फत गर्न बजेट विनियोजन गरीएको छ । |
| **उद्देश्यः** | • कुष्ठरोग, क्षयरोग जस्ता समस्याहरुको सुरुवाती चरणमै पहिचान गरी समयमै व्यवस्थापन गर्ने । |

| | |
|---|---|
| | • महिलाहरुलाइ पाठेघरको मुखको क्यान्सर हुनु अगाडिनै क्यान्सर हुन सक्ने अवस्थाको पहिचान गरि उपचार गर्ने र क्यान्सर हुनबाट बचाउने ।<br>• पाठेघर खस्ने समस्या भएका महिलाहरुलाइ सुरुवाती चरणमै पहिचान गरी समयमै व्यवस्थापन गर्ने । |
| **लक्षित समूह** | कुष्ठरोग, क्षयरोग सम्बन्धी संकास्पद ब्यक्ति तथा आम महिलाहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य कार्यालयहरु । |
| **कार्यक्रम सञ्चालन विधिः** | • एकिकृत जनस्वास्थ्य अभियान सचालन भन्दा अगाडि स्थानीय तह संगको समन्वयमा कुष्ठरोग, क्षयरोग सम्बन्धी संकास्पद ब्यक्ति तथा पाठेघर खस्ने तथा अब्स्टेट्रिक फिस्टुला तथा पाठेघरको मुखको क्यान्सरको जोखिम भएका महिलाहरु बढि भएको, सेवाको पहूँचबाट टाढा रहेका समुदाय एकिन गरी सो को कार्ययोजना बनाई स्वास्थ्य निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा पेश गर्ने।<br>• छनौट गरीएको स्थानमा एकिकृत जनस्वास्थ्य अभियान सञ्चालन गर्नु भन्दा एक हप्ता अगाडि नै प्रचार प्रसारको व्यवस्था मिलाउनुपर्नेछ ।<br>• जनस्वास्थ्य अभियान कार्यक्रमको अवधी ३ दिनको हुनेछ।<br>• पाठेघरको मुखको स्क्रिनिङ तथा क्रायोथेरापी तालिम प्राप्त चिकित्सक/नर्स र रिङपेसरी राख्न एवम् परामर्श दिन सक्ने प्राविधिक टोलि हुनुपर्नेछ।<br>• शिविरबाट सेवा लिएका सेवाग्राहीलाई नेपाल सरकारबाट हुने पाठेघरको निःशुल्क शल्यक्रियाका लागि सेवा सञ्चालन भइरहेका सम्बन्धित पायक पर्ने अस्पतालहरुमा प्रेषण गर्नु पर्नेछ ।<br>• स्क्रिनिङ्ग गर्दा VIA positive विरामीहरुलाई नजिकको क्रायोथेरापी सुविधा भएका स्वास्थ्य संस्थामा रिफर गर्नुपर्नेछ ।<br>• कुष्ठरोग निदानका लागि छाला रोग बिषेशज्ञ र क्षयरोग निदानका लागि आवस्यक पर्ने खकार जाँचको ब्यबस्था गर्नुपर्दछ।<br>• अब्स्टेट्रिक फिस्टुलाका बिरामी लाई निःशुल्क शल्यक्रियाको लागि तोकेको अस्पतालमा प्रेषण गर्नुपर्दछ । |
| खर्च क्षेत्र | औषधि, रिएजेन्ट, परिक्षण सामाग्री, दै.भ्र.भ, यातायात खर्च तथा अनुगमन। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | कुष्ठरोग, क्षयरोग,पाठेघर खस्ने समस्या,फिस्टुला तथा पाठेघरको मुखको क्यान्सर परीक्षण सम्बन्धी जनस्वास्थ्य अभियान सञ्चालन भएको हुनेछ । |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरीनेछ। |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |

## 8. रेफ्रिजेरेटर खोप कोल्डचेन मर्मत सम्भार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२२२१ | रु. २४ लाख मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो , तेस्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | भ्याक्सिन तथा कोल्ड चेन ब्यबस्थापनको लागि चाहिने रेफ्रिजेरेटर तथा खोप कोल्डचेन सँग सम्बन्धित सामाग्रीहरु मर्मत संम्भार गर्नका लागि बजेटको ब्यबस्था गरिएको छ। |
| **उद्देश्यः** | कोल्ड चेन व्यवस्थापन सम्बन्धी औजार-उपकरण समयमै ममर्त गरी कोल्डचेन व्यवस्थापन तथा गणुस्तरीय खोप सेवालाई अभिबृदि गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य कार्यालयहरु |
| **कार्यक्रम सञ्चालन विधिः** | कोल्ड चेन संग सम्बन्धित मर्मत गर्नुपर्ने सामाग्रीहरुको सूची तयार गरी मर्मत गर्नुपर्ने सामाग्रीको अनुमानित लागत तयार गर्ने र प्राथामिकताका आधारमा मर्मत संभार गर्नुपर्नेछ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालय बाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |

## 9. जिपलक, फर्म, सुक्ष्म योजना फाराम छपाइ तथा बितरण

| **खर्च शीर्षक नं** | **बजेट** | **एकाई** | **लक्ष्य** | **कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि** |
|---|---|---|---|---|
| २२३१५ | रु.१ लाख मात्र | जिल्ला | १ | प्रथम |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | जिल्ला स्थित कोल्ड चेन स्टोरबाट भ्याक्सिनलाई सुरक्षीत राख्न जिपलक र फर्म खरिद गर्न तथा जिल्लालाई आवश्यक पर्ने भ्याक्सिन तथा खोप सामाग्रीको योजना तयार गर्न सुक्ष्म योजना फाराम छपाई तथा बितरणको लागि यो कार्यक्रमको ब्यबस्था गरिएको छ। |
| उद्देश्यः | भ्याक्सिन लाई सुरक्षीत राख्न र सुक्ष्म योजना तयार गर्न। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | स्वास्थ्य कार्यलय नवलपरासी (ब सु प) |
| कार्यक्रम सञ्चालन विधिः | आवश्यक पर्ने जिपलक, फर्म, सुक्ष्म योजना फाराम खरिद तथा छपाइ गरि स्थानिय तहमा भ्याक्सिन प्याकिङ तथा ब्यबस्थापनको लागि बितरण गर्ने । |
| खर्च क्षेत्र | जिपलक, फर्म र सुक्ष्म योजना फाराम छपाई तथा खरिद। |
| बजेट बाँडफाडः | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अनुगमन र मुल्याङ्कन | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालय बाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |

## 10.सिकल सेल थालासेमिया सम्बन्धि स्क्रीनिङ्ग तथा उपचार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.४ लाख मात्र | जिल्ला | १ | प्रथम, दोश्रो ,तेस्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | प्रदेश नं ५ का तराईका जिल्लाहरु थारु ससमुदायमा सिकल सेल थाल्सेमिया रोग जनस्वास्थ्य समस्याको रुपमा देखापरेको हुनाले सो रोगबाट पिडितहरुको स्क्रीनिङ्ग निदान तथा उपचार गरि उनिहरुको ब्यक्तिगत तथा सामाजिक जिवन यापनमा सहजता ल्याउने अपेक्षा गरिएको छ। |
| उद्देश्यः | प्रदेश नं ५ मा रहेका सिकल सेल थाल्सेमिया रोग बाट पिडितहरुको स्क्रीनिङ्ग निदान तथा उपचार गरि उनिहरुको ब्यक्तिगत तथा सामाजिक जिवन यापनमा सहजता ल्याउने। |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य कार्यलय नवलपरासी (ब सु प) |
| **कार्यक्रम सञ्चालन विधिः** | • जिल्ला अन्तर्गतका थारु बाहुल्य समुदायको पहिचान गरी स्थानिय तहको समन्वयमा कार्ययोजना बनाई स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयमा पेश गर्ने।<br>• सिकलसेल तथा थालासेमिया रोगको समुदाय स्तरमा स्क्रिनिङ्ग गरि निदान तथा उपचारको लागि अस्पतालमा प्रेषण गर्ने। |
| **खर्च क्षेत्र** | स्क्रिनिङ को लागि आवश्यक पर्ने रिएजेन्ट, औषधि, दै.भ्र.भ तथा यातायात खर्च। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालय बाट कार्यक्रमको अनुगमन गरीनेछ। |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय माअनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |

# खण्ड - छ

# अस्पतालहरु बाट सञ्चालन हुने कार्यक्रमहरु

## 1. अस्पतालको नियमित रिपोर्टिङ सुदृढीकरण तथा विस्तार र वार्षिक प्रगती पुस्तिका छपाई

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२३१५ | रु.२६ लाख मात्र | अस्पताल | १३ | प्रथम |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | प्रदेश अन्तर्गतका सवै अस्पतालहरुले प्रदान गर्ने स्वास्थ्य सेवा तथा सञ्चालन गर्ने स्वास्थ्य कार्यक्रमहरुको रेकर्डिङ, रिपोर्टिङ तथा प्रगती समिक्षा, स्वास्थ्यका सुचाङ्कहरुको तुलनात्मक अबस्था, वित्तिय, भौतिक, जनशक्ति लगायतका अन्य स्रोत साधनहरुको उपलब्धता आदिलाई समेटी अस्पतालको संक्षिप्त परिचय सहित वार्षिक प्रतिबेदन तयारी तथा छपाईको लागि यो कार्यक्रमको व्यबस्था गरिएको छ। |
| उद्देश्यः | • अस्पतालहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुको अवस्थाको बारेमा जानकारी, प्रगति समिक्षा र सुधार गर्नुपर्ने क्षेत्र पत्ता लगाई गुणस्तरिय सेवा प्रबाहमा सहजता ल्याउने।<br>• अस्पतालका स्वास्थ्य सम्बन्धि सुचकाङ्क सम्बन्धि लक्ष्य, प्रगती, जनशक्ति, उपकरण तथा भौतिक पुर्वाधार समेतको विबरण समेटिएको प्रतिवेदन तयार गर्ने। |
| लक्षित समुह | प्रदेश अन्तर्गतका अस्पतालहरु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश अन्तर्गतका १३ वटै अस्पतालहरु। |
| कार्यक्रम सञ्चालन विधि | • अस्पतालले प्रदान गर्ने सेवा लगायतका सम्पूर्ण क्षेत्रको लक्ष्य प्रगति तयार गरि स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयको समन्वयमा १ दिनको वार्षिक समिक्षा गर्ने। |

| | |
|---|---|
| | • समिक्षामा उजागर भएका विषयवस्तुहरु समेटि वार्षिक पुस्तिका छपाई गर्ने । |
| कार्यक्रमका खर्च क्षेत्र | बार्षिक समिक्षा तथा पुस्तिका छपाई खर्च । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्विकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्ने छ। |
| अपेक्षित उपलब्धी | अस्पतालहरुको सेवाको अबस्था बारेमा जानकारी भई अस्पतालको गुणस्तरिय सेवामा वृद्धि हुनेछ। |
| अनुगमन | स्वास्थ्य निरर्देशनालय र सामाजिक विकास मन्त्रालय बाट अनुगमन गरिनेछ। |
| प्रतिवेदनः | कार्य सम्पन्न भईसकेपछि स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन बुझाउनु पर्नेछ। |

## 2. अस्पतालहरुबाट प्राथमिक आँखा उपचार सेवा कार्यक्रम

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ९० लाख मात्र | अस्पताल | ३ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचयः** | जिल्ला स्तरमै आँखा सम्बन्धित आधारभुत स्वास्थ्य सेवाहरुको पँहुच वृद्धिका लागि जिल्ला स्थित अस्पतालहरुमा आँखा उपचार सेवालाई विस्तार गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्यः** | आँखा उपचार सेवालाई सवैमा पहुँच पुर्याउने। |
| **लक्षित समुह** | आम नागरिकहरु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | रोल्पा, कपिलबस्तु र गुल्मी अस्पताल। |
| **कार्यक्रमको खर्च क्षेत्र** | अस्पतालमा आँखा उपचारको लागि आवश्यक जनशक्ति, उपकरण, फर्निचर तथा औषधि । |
| **कार्यक्रम सञ्चालन विधि** | • अस्पतालमा आँखा उपचार कक्ष ब्यबस्थापनको लागि अस्पताल विकास समिति सँग समन्वय गर्ने।<br>• आँखा उपचारका लागि आवश्यक जनशक्ति, चिकित्सकिय औजार र उपकरणहरुको ब्यबस्थापन गर्ने। |

| | |
|---|---|
| | • आँखा उपचारका लागि आवश्यक जनशक्तिहरु (अपथाल्मिक अपथाल्मिक असिष्टेन्ट-१, अ.न.मी-१ र कार्यालय सहयोगि-१)<br>• सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि र मितव्यिता सम्बन्धि निर्देशिका र प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्विकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्ने छ। |
| **अनुगमन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालय बाट अनुगमन गरिनेछ। |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन गर्नुपर्ने छ। |

## 3. अस्पतालहरुमा ENT सेवा विस्तार

| **खर्च शीर्षक नः** | **बजेटः** | **एकाई** | **लक्ष्य** | **कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि** |
|---|---|---|---|---|
| २२५२२ | रु. ३ करोड ३० लाख मात्र | वटा | ११ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचयः** | राष्ट्रिय स्वास्थ्य निति २०७६ ले परिकल्पना गरे अनुसार मुख, नाँक, कान, घाटि संग सम्बन्धित सेवालाई सर्वसुलभ बनाउनको लागि यो कार्यक्रको व्यवस्था गरिएको छ। |
| **उद्देश्यः** | मुख, नाँक, कान, घाटि संग सम्बन्धित सेवालाई सर्वसुलभ सेवा प्रदान गर्ने। |
| **लक्षित समुह** | प्रदेशमा बसोबास गर्ने आमनागरिक। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | पृथ्विचन्द्र, भिम, कपिलवस्तु, पाल्पा, रामपुर, गुल्मी, अर्धाखाँची, प्युठान, रोल्पा,रुकुम पुर्व, बर्दिया अस्पताल। |
| **कार्यक्रमको खर्च क्षेत्र** | अस्पतालमा नाँक, कान, घाँटी सेवा विस्तारको लागि आवश्यक जनशक्ति, चिकित्सकिय औजार र उपकरण। |
| **कार्यक्रम सञ्चालन विधि** | • अस्पतालमा उपचार कक्ष ब्यबस्थापनको लागि अस्पताल विकास समिति सँग समन्वय गर्ने।<br>• सेवा प्रबाहको लागि आवश्यक पर्ने चिकित्सक तथा चिकित्सकिय औजार उपकरणको ब्यबस्थापन गर्ने।<br>• चिकित्सकिय औजार उपकरण खरिद प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्र सगँको समन्वयमा स्पेसिफिकेसन तयार गरि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्यिता सम्बन्धि निर्देशिका र प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ। |

| | |
|---|---|
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्विकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्ने छ। |
| **अनुगमन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयबाट अनुगमन गरिनेछ। |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न पश्चात स्वास्त्य निर्देसनालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ। |

## 4. अस्पतालहरुमा थाइराइड ल्याबको शुरुवात।

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.१ करोड २० लाख मात्र | वटा | ६ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | थाईराईड सम्बन्धि रोगहरुको समयमा उपचार नगरेमा मुटु र मस्तिष्कमा असर गर्दछ।यस्ता नसर्ने रोगहरु बाट बच्न समयमै निदान गर्ने र रोगको समयमै उपचार गराउने व्यबस्था मिलाउनको लागि थाईराइड ल्याब को शुरुवात गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्यः | जिल्लास्तरका अस्पतालबाट थाइराइड सम्बन्धि रोगको समयमै पहिचान गरि उपचारमा सहयोग पुर्याउने। |
| **लक्षित समुह** | प्रदेशमा बसोबास गर्ने आमनागरिक। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | अर्घाखाँची, गुल्मी, पृथ्विचन्द्र, बर्दिया, पाल्पा, प्युठान अस्पताल। |
| **कार्यक्रमको खर्च क्षेत्र** | थाईराइड परिक्षणको लागि आवश्यक उपकरण तथा रिएजेन्ट खरिद। |
| **कार्यक्रम सञ्चालन विधि** | • अस्पतालमा थाइराइड ल्याब शुरुवात गर्न आवश्यक पर्ने उपकरण तथा रिएजेन्टको सुचि तयार गर्ने।<br>• प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र सगं समन्वय गरी खरिद गरिने सामाग्रीको स्पेसिफिकेसन तयार पारी खरिद प्रक्रीया अगाडि बढाउनु पर्ने छ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्विकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्ने छ। |
| **अनुगमन** | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालय बाट अनुगमन गरिनेछ। |

| | |
|---|---|
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन गर्नुपर्ने छ। |

## 5. अस्पतालहरुमा प्राथमिक दन्त सेवा विस्तार

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १करोड ६० लाख मात्र | वटा | ८ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | दन्त रोगको समयमा निदान तथा उपचार गर्नको लागि जिल्लास्थित अस्पतालहरुबाट दन्त उपचार सेवालाई विस्तार गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्यः | प्रदेश अन्तर्गतका अस्पतालहरुबाट प्राथमिक दन्त सेवा विस्तार गर्ने। |
| लक्षित समुह | प्रदेश भित्र बसोबास गर्ने आम नागरिक। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश अन्तर्गतका रोल्पा, भिम, बर्दिया, प्युठान, पृथ्विचन्द्र, गुल्मी, कपिलबस्तु र अर्घाखाँचि अस्पताल। |
| कार्यक्रम सञ्चालन खर्च क्षेत्र | चिकित्सकिय औजार उपकरण खरिद। |
| कार्यक्रम सञ्चालन विधि | • अस्पताल विकास समितिको समन्वयमा दन्त उपचार कक्ष निर्माणको लागि समन्वय गर्ने।<br>• अस्पतालमा प्राथमिक दन्त सेवा विस्तार गर्न आवश्यक पर्ने चिकित्सकिय औजार उपकरण तथा केमिकलको व्यबस्था गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र सगं समन्वय गरी सामाग्रीको स्पेसिफिकेसन तयार गरि सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि र मितव्यिता सम्बन्धि निर्देशिका र प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ। |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्विकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्ने छ। |
| अनुगमन | स्वास्थ्य निर्देशनालय तथा सामाजिक विकास मन्त्रालय बाट अनुगमन गरिनेछ। |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन गर्नुपर्ने छ। |

## 6. अस्पतालहरुमा फार्मेसी सेवा विस्तार कार्यक्रम

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.६५ लाख मात्र | अस्पताल | १३ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
